# दलित परिप्रेक्ष्यबाट पाठ्यक्रमको पुनरावलोकन अध्ययन-विश्लेषण

(कक्षा १ देखि १२ सम्मका ६ अनिवार्य विषयहरू)

पाठ्यक्रम विकास केन्द्र, सानोठिमीका लागि ESAT को आर्थिक सहयोगमा तयार पारिएको प्रतिवेदन

श्री ५ को सरकार
राष्ट्रिय दलित आयोग, थापाथली
काठमाडौं ।
२०६१

# प्राक्कथन

सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यम नै शिक्षा हो । देश र समाजको भावी भविष्य सुनिश्चित गर्ने कार्य देशमा विद्यमान शिक्षा प्रणालीको जिम्मामा रहन्छ । विद्यालय तहदेखि उच्च शिक्षासम्मका विद्यालय तहका पाठ्यक्रमहरूले देशका बालबालिका तथा युवाहरूको ज्ञान, सीप र अभिवृद्धि विकास गरी देशले चाहे अनुरूपको जनशक्ति तयार पार्ने कार्य गरेका हुन्छन् । शिक्षा पाउनु व्यक्तिको नैसर्गिक हक हो र यो शिक्षा प्रणाली, सबैको साझा विषय पनि हो । राष्ट्रले शिक्षा सेवा प्रदान गर्ने क्रममा सबै वर्ग समुदायले पनि उत्तिकै अवसर पाउने गरी सबैको लागि शिक्षा र समाहित शिक्षा पद्धति अवलम्बन गर्न नसकेमा सबै समुदायले शिक्षाको समान अवसर प्राप्त गर्न सक्दैनन् । फलतः शिक्षा केही वर्गसमुदायमा मात्र केन्द्रित हुन पुग्दछ ।

नेपालको सन्दर्भमा पनि परम्परादेखि नै दलित समुदायलाई जातीय भेदभाव र छुवाछुतका आधारमा समाजले उनीहरूलाई तल्लो जातिको रूपमा हेर्ने किसिमको प्रवृत्तिले संरक्षण पाउँदै आएकोले देशका अधिकांश दलितहरू साझा शिक्षा सेवाबाट वञ्चित हुन पुगेका छन् । यस्तो अवस्था कायमै रहेमा यो समुदायलाई राष्ट्रिय मूल प्रवाहमा ल्याई राष्ट्रको सर्वाङ्गीण विकास गर्न संभव हुँदैन । यस परिप्रेक्ष्यलाई मध्यनजर राखी अहिले श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले Education Sector Advisory Team को सहयोगमा कक्षा १ देखि १२ सम्मका पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकालाई विभिन्न वर्गसमुदायको परिप्रेक्ष्यबाट पुनरावलोकन गरी समय सुहाउदो पाठ्यसामग्री निर्माण गर्न लागेको छ । नेपालमा सबैभन्दा पछाडि परेका वर्गसमुदाय भन्नु नै दलित समुदाय भएको र समुदाय जातीय भेदभाव र छुवाछुतको उत्पीडनबाट पनि प्रताडित हुँदै आएको छ । यो  समुदाय विशेषको दृष्टिकोणबाट राष्ट्रिय दलित आयोगले पुनरावलोकन गर्न लागेको यो पाठ्यक्रम सम्बन्धी प्रतिवेदनले समाजमा एउटा स्वभाविक र सकारात्मक प्रभाव ल्याउन सक्ने कुरामा दुईमत नहोला ।

दलित विशेषज्ञहरूबाटै पाठ्यक्रमहरू पुनरावलोकन गराइ सबै क्षेत्रका दलित व्यक्तिहरूक बीचको व्यापक छलफलबाट तयार पारिएको यो प्रतिवेदनले दलितभित्रको जातीय एवं क्षेत्रीय सन्तुलनका साथै दलितका जल्दावल्दा शैक्षिक समस्याहरूलाई प्रस्तुत गर्न सक्षम हने छ भन्ने कुरामा आयोग विश्वस्त छ । अतः यो प्रतिवेदनले शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रलाई दलित पक्षबाट पाठ्यक्रमको खाका निर्माण गर्न अवस्य नै उपयुक्त सहयोग पुऱ्याउने छ ।

लक्ष्मीशरण घिमिरे
उप-सचिव
राष्ट्रिय दलित आयोग

## अध्ययन-विश्लेषण प्रतिवेदन निर्माण टोलीका तर्फबाट–

कक्षा १ देखि १२ सम्मका ६ अनिवार्य विषयहरूका पाठ्यक्रमहरू अध्ययन-विश्लेषण गरी प्रतिवेदन प्रस्तुत गर्नेजस्तो ऐतिहासिक र गहन कार्यको जिम्मा यस आयोगलाई प्राप्त भएकोमा टोली अत्यन्त गौरवान्वित छ । टोलीले अध्ययन-विश्लेषण कार्यलाई बढीभन्दा बढी व्यवहारिक, उपलब्धिमूलक र उपयोगी बनाउने सम्बन्धमा हरसम्भव प्रयासहरूको प्रयोग गरी यो विश्लेषण प्रतिवेदन तयार पारेको छ । विश्लेषणका विषयवस्तुहरू देशको वर्तमान समय, माग र दलित समुदायका जल्दावल्दा समस्याहरूको गहन अध्ययन-विश्लेषण गरी दलित परिप्रेक्ष्यका थप सामग्रीहरू पाठ्यक्रममा समावेश गर्न यो प्रतिवेदन प्रस्तुत भएको छ । पाठ्यक्रम निर्माणक्रममा यस प्रतिवेदनले बहुमूल्य सहयोग गरोस् र प्रतिवेदनका सबै सामग्रीहरू पाठ्यक्रममा समाहित हुनसकुन् भन्ने तर्फ टोली विश्वस्त रहेको छ । अतः पाठ्यक्रम निर्माण गर्ने क्रममा पाठ्यक्रम विकासकेन्द्रले राष्ट्रिय दलित आयोगको प्रतिनिधित्व गराउन सकेमा पाठ्यसामग्रीहरू अझै बढी परिपक्क हुन सक्ने तथ्यको अपेक्षा गर्दै यो प्रतिवेदन शिक्षामन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र, Education Sector Advisory Team(ESAT) समक्ष पेश गरेका छौं । धन्यवाद ।

**अध्ययन टोली :-**

१. लक्ष्मीशरण घिमिरे
    उप-सचिव - राष्ट्रिय दलित आयोग, टोली संयोजक
२. उद्धव सिग्देल
    उप-प्राध्यापक - त्रि.वि.वि., संयोजन परामर्शदाता
३. दुर्गा सोव
    अध्यक्ष, दलित महिला संघ - सदस्य
४. बसन्त कुमार विश्वकर्मा
    उपप्राध्यापक - त्रि.वि. विद्यालय - सदस्य
५. याम बहादुर किसान
    मानव अधिकारवादी लेखक - सदस्य
६. राम बहादुर परियार
    पूर्व मा.वि. शिक्षक तथा स्वतन्त्र लेखक, - सदस्य

**विशिष्ट सल्लाहकार**

१. प्रा.डा.श्रीराम प्रसाद उपाध्याय
    त्रिभुवन विश्वविद्यालय,

२. श्रीरामप्रसाद लंसाल
    उपप्राध्यापक-त्रि.वि.
    (गणित तथा विज्ञान विशेषज्ञ)

# प्रतिवेदन सारंश

विद्यालय तहको औपचारिक शिक्षामा सबै वर्गसमुदाय एवं जातजातिको समान पहुँच र पाठ्यसामग्रीहरू समय सापेक्ष गराउँदै लैजाने दृष्टिले श्री ५ को सरकार, राष्ट्रिय दलित आयोगले श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, एजुकेशन सेक्टर एड्भाइजरी टिम (ESAT) को आर्थिक सहयोगमा दलित परिप्रेक्ष्यबाट विद्यमान विद्यालय तहका ६ अनिवार्य विषयहरूको पाठ्यक्रम पुनरावलोकन अध्ययन-विश्लेषण गरेको छ । यस पुनरावलोकन अध्ययनको उद्देश्यमा दलित परिप्रेक्ष्यबाट विद्यालय तह कक्षा १ देखि १२ सम्मका पाठ्यक्रमको अध्ययन-विश्लेषण गरी दलितसँग सम्बन्धित विषय सामग्रीलाई राष्ट्रिय शिक्षाको पाठ्यक्रममा समाहित गरि प्रतिवेदन तयार पार्नु रहेको छ । यस पुनरावलोकन अध्ययन कार्यलाई संचालन र पूर्णता प्रदान गर्न राष्ट्रिय दलित आयोगका उप-सचिवको संयोजकत्वमा ६ सदस्यीय अध्ययन टोली बनाइ दलित समुदायका प्रमुख जाति, महिला र तराई बासी दलित समुदायको प्रतिनिधित्व समेतलाई समावेश गरी यो अध्ययन प्रतिवेदन तयार पार्ने कार्य गरिएको छ ।

यस पुनरावलोकन अध्ययनलाई फलदायी एवं उपयोगी बनाउन अध्ययन-विश्लेषणका क्रममा शिक्षाक्षेत्रका विशेषज्ञ, सरोकारवालाहरू (जस्तै शिक्षक, विद्यार्थी, नागरिक समाज, दलित बुद्धिजीवी एवं दलित आन्दोलनका संवाहाकहरू)सँग परामर्श बैठक एवं छलफल गरिएको थियो । यसका अतिरिक्त आयोगले अध्ययन-विश्लेषणबाट प्राप्त सामग्रीहरूमा थप सुझाव संकलन गर्न पाठ्यक्रम अन्तक्रिया स्वरुप सबै क्षेत्रका विशेषज्ञहरूको दुई दिने कार्यशाला गोष्ठी गरी अध्ययन-विश्लेषण कार्यलाई पूर्णता दिई प्रथम चरणमा मिति २०६१।३।१७ गते मस्यौदा प्रतिवेदन Education Sector Advisory Team लाई बुझायो । पाठ्यक्रम विकास केन्द्र र Education Sector Advisory Team बाट प्रतिवेदन मस्यौदाका लागि थप प्रतिक्रियाहरू प्राप्त भएपश्चात् सो प्रतिक्रिया समेत समावेश गरी अन्तिम प्रतिवेदनका रुपमा यो प्रतिवेदन तयार पारिएको छ । यो पुनरावलोकन अध्ययन-विश्लेषण कार्यलाई विषयगत र तहगत गरी दुवै रुपमा प्रस्तुत गरिएको छ । ६ वटा अनिवार्य विषयहरू क्रमशः अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक शिक्षा र स्वास्थ्य, जनसंख्या र वातावरण विषय (प्राथमिक विद्यालय, निम्न-माध्यमिक विद्यालय, माध्यमिक विद्यालय र उच्च-माध्यमिक विद्यालय) विश्लेषणमा समावेश भएका छन् ।

नेपाली विषयमा भाषिक सीपका बोलाइ, पढाइ, लेखाइमा दलित सन्दर्भका बालगीत, कविता, कथाहरू पाठ्क्रममा समावेश भएको पाइएन । भाषिक सीपका रुपमा दलितका वारेमा देखेका, सुनेका र पढेका विषयवस्तु जस्तै चिठी, जीवनी, कृति आदि पाठ्यक्रममा समावेश नभएको महसूस भयो । यसका अतिरिक्त विधागत पाठहरूमा दलितका विषयवस्तुहरूको सकारात्मक पहिचान दिने व्यक्तित्व र कृतित्वका साथै समतामूलक समाजको निर्माणमा समुदायको योगदानलाई चर्चा नगरिनु युक्तिसंगत देखिएन । नेपाली व्याकरणको ज्ञान दिइँदा त्रुटिका क्षेत्र निराकरण गर्न सक्ने क्षमताको अभिवृद्धि हुन नसक्नु, कृति समीक्षा निबन्ध, टिप्पणी, प्रतिवेदन लेखनलाई उच्च मा.वि.र मा.वि. तहमा शशक्त ढंगले प्रस्तुत हुन सकेको देखिन्न । नेपाली साहित्य विधाहरूमा यदाकदा दलितहरूको आत्मसम्मानलाई होच्याएर प्रस्तुत गरिएको पनि पाइन्छ । त्यस्ता विषयवस्तु भएका साहित्यलाई पाठ्यक्रमबाट हटाउन आवश्यक देखिएको छ ।

जातिगत रुपमा कसैलाई उकास्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सबैलाई समान सम्मान दिने खालका विषयसामग्रीको प्रस्तुति अपूरो नै रहेको भेटिन्छ ।

अंग्रेजी विषयको पाठ्यक्रममा दलित जातजातिका ऐतिहासिक व्यक्तित्व, समाजसेवी, विद्धान्, वैज्ञानिक, ऐतिहासिक पुरुष, महिला, गायक-संगीतकार, लेखककवि, राजनीतिक व्यक्तित्वहरूको जीवनी, कथाआदिलाई परिमार्जित पाठ्यक्रममा समावेश गर्न सकिएको रहेनछ । उनीहरूले राष्ट्र निर्माणमा गरेको योगदानलाई औपचारिक शिक्षाको रुपमा प्रस्तुत नहुँदा समुदायप्रति अपमान र अन्याय महसुस भएको भाव हुन्छ । जातीय भेदभाव र छुवाछुत जस्ता सामाजिक अपराधका वारेमा विद्यार्थीलाई जानकारी दिने पाठ्यसामाग्रीको अभाव पनि विश्लेषणको क्रममा देखिएको छ । माध्यमिक विद्यालय र उच्च-माध्यमिक विद्यालय तहका पाठ्यक्रमहरूमा अन्तर्राष्ट्रिय स्तरका ऐतिहासिक व्यक्तित्वहरूले विभेदका सवालमा गरेका साहसिक योगदानलाई पाठ्यक्रममा समावेश गर्न नसक्दा विद्यार्थीले आवश्यक ज्ञान पाउन नसकेको तथ्य पनि आज यथावत नै छ ।

दलित परिप्रेक्ष्यबाट विज्ञान विषयका पाठ्यक्रममा समावेश गर्नु पर्ने धेरै विषय सामग्री नभएता पनि धातु पदार्थ र जीवनोपयोगी वस्तुहरूका विषय सामग्रीहरूका वारेमा उल्लेख गर्न सकिने विषयवस्तु पनि समावेश गर्ने तर्फ पाठ्यक्रम क्रियाशील रहेको पाइएन । धातु पदार्थको मिसावट गरेर निर्माण गरिएका दैनिक जीवनमा प्रयोग गरिएका सामग्रीहरूमा दलित समुदायका व्यक्तिहरूको योगदान चर्चा नगरिदा पेशाप्रतिको सम्मानमा ध्यान दिन नसकेको आभाष हुन्छ । माध्यमिक विद्यालय र उच्च-माध्यमिक विद्यालय तहका पाठ्यक्रमहरूमा जसरी नील आर्मस्ट्रङ्ग र युरी गागरीनले विज्ञानका क्षेत्रमा पुऱ्याएका योगदानका वारेमा चर्चा गरिएको छ त्यसरी नै भुवन सिंह विश्वकर्माले विज्ञानका क्षेत्रमा पुऱ्याएको योगदानका वारेमा पनि उल्लेख गरिनु आवश्यक देखिन्छ ।

गणितका अभ्यास, क्रियाकलाप र उदाहरणहरूमा जोड, घटाऊ, गुणन, भाग र ग्राफचित्रहरूमा दलित समुदायको जात-थर भएका नियम, नाफा-नोक्सान र आर्थिक क्रियाकलापमा दलितहरूको कस्तो अवस्था छ भन्ने कुरा पाठ्यक्रमको कुनै पनि भागमा समावेश गरिएको छैन । हिसाव विषयका प्रश्नावलीहरूमा दलित वर्गका व्यक्तिलाई ऋणीमात्र बनाएर प्रस्तुत गरिदा नकारात्मक प्रभाव पर्ने देखिन्छ । सकारात्मक प्रभाव पार्ने विषय सामग्रीहरूलाई पनि उचित स्थान दिनु उत्तिकै आवश्यक देखिन्छ ।

जातीय तथा दलित परिप्रेक्ष्यबाट सामाजिक शिक्षाको पाठ्यक्रमको पुनरावलोकन गर्नु समयसापेक्ष र अत्यावश्यक देखिन्छ । अध्ययन-विश्लेषण क्रममा सामाजिक शिक्षामा उच्चताबोध र हीनता बोध झल्काउने खालको पाठ्यक्रम भएको पाइयो । जातका आधारमा कसैलाई बढी सम्मान गर्ने र कसैलाई कम सम्मान गर्ने विषय सामग्री प्रस्तुत गरेको पाइन्छ । पाठ्यक्रममा परम्परागत विभेदकारी सामाजिक प्रचलन, व्यवहार र भेलालाई निरुत्साहित गर्ने पाठ्यसामग्रीलाई समावेश गर्न सकेको पाइदैन । नेपाली वीरहरूको व्यक्तित्व चर्चा गर्दा अंग्रेज युद्धमा शहादत प्राप्त गरेका बाँगे सार्कीको चर्चा हुनु पर्ने हो, त्यसो भएको पाइँदैन । सामाजिक शिक्षामा नेपालको कानुनी व्यवस्था र मानवाधिकारका वारेमा पनि चर्चा गरेको पाइँदैन ।

माध्यमिक विद्यालय र उच्च-माध्यमिक विद्यालय तहका पाठ्यक्रमहरूमा दलित समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, राजनीतिक, भावनात्मक, धार्मिक र मनोवैज्ञानिक रुपले एकीकृत गराउने पाठ्यसामग्रीको अभाव रहेको महसूस हुन्छ ।

स्वास्थ्य जनसंख्या र वातावरण विषयमा जाति अनुसार सरसफाइ र वातावरण प्रदूषणमा जाति विशेषको योगदान हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ, त्यो अत्यन्त त्रुटिपूर्ण छ । नेपालको जनसंख्या स्थितिको वारेमा चर्चा गर्दा दलित समुदायको जनसंख्याका वारेमा पनि उल्लेख गर्न पाठ्यक्रम अग्रसर देखिएको छैन । विभिन्न बसाइँ-सराईका घटनाहरू जातीय विभेदका आधारमा हुन्छन् भन्ने कुरा देखाउन नसकिएको तथ्यलाई समावेश गर्न सकिएको देखिएन । पाठ्यक्रममा दलित जातिको जनसंख्याको वनोट, उमेर समूह, भौगोलिक क्षेत्र अनुसारको वितरण आदिलाई ध्यान पुऱ्याउन सकेको देखिँदैन । यसैगरी उच्च माध्यमिक विद्यालय तहको पाठ्यक्रममा बसाइँ-सराईका कारण (Migration Causes: Pushing factor) जस्तै युद्ध, राजनीतिक स्थिरता (war, political instability) सँग सँगै Caste disrimination syatem का वारेमा उल्लेख गरिएको छैन ।

अध्ययन-विश्लेषण गर्ने क्रममा विद्यार्थी र शिक्षकको मूल्याङ्कन गर्दा विभिन्न मूल्याङ्कनका विधिहरू अपनाउनु पर्छ भन्ने सुझाव प्रस्तुत गरिएको छ । परम्परागत रुपमा गरिआएको परीक्षा प्रणालीले मात्र विद्यार्थीको मूल्याङ्कन पूर्ण हुन सक्तैन । यसका अतिरिक्त मौखिक प्रश्नोत्तर, सामूहिक छलफल, वाह्य क्रियाकलाप जस्तै :- अभिनय, वादविवाद तथा समूहगत कार्य गरी मूल्याङ्कन गर्नु पर्छ । शिक्षकको मूल्याङ्कन गर्दा पाठ्यक्रमको उद्देश्य अनुसार पढाइयो कि पढाइएन भन्ने कुरा विद्यार्थीहरूसँग सोधपुछ गर्ने, विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी मूल्याङ्कन गरिनु पर्छ । यसका साथै उच्च तहबाट गरिने अनुगमन र मूल्याङ्कनको प्रतिवेदनलाई पनि आधार मानिनु पर्छ ।

हालको राष्ट्रिय पाठ्यक्रमको अध्ययन-विश्लेषण गर्दा विद्यमान पाठ्यक्रममा निम्न सुझावहरू समाहित आवश्यक देखिएको छ ।

- सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता सीपमा दलितका विषयवस्तुहरू यथेष्ट मात्रामा समावेश गरिनु पर्छ । जसले गर्दा सकारात्मक सुनाइ, बोलाइ, पढाइ र लेखाइबाट नै समुदायमा जातीय सद्भावको विकास हुन्छ ।
- पाठ्यसामग्री रोचक, ज्ञानवर्धक, क्रियाकलापमुखी, सबै वर्ग र समुदायको मार्मिकता झल्काउने बालमनोविज्ञानमा आधारित हुनुपर्छ ।
- दलितवर्गका लेखक र साहित्यकारका लेख रचना समावेश गर्नु पर्छ ।
- जातीय विभेद गर्ने शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई शोच परिवर्तन गराउने खालका तालिम, प्रशिक्षणका साथै आवश्यकतानुसार कार्वाही र विभेद नगर्नेहरूलाई उचित प्रोत्साहन र पुरस्कारको व्यवस्था गर्नु पर्छ ।
- अंग्रेजी भाषामा दलित समुदायको सम्मान बढाउने शब्दहरूको प्रयोग गर्नु पर्छ । अंग्रेजी भाषाका पाठ्यक्रममा पनि त्यस्ता शब्दहरूको प्रयोग गरेको खण्डमा बालबालिकामा भेदभाव गर्ने भावना क्रमशः लोप हुँदै जान्छ ।

- विज्ञानका विषयमा दलितसँग सरोकार राख्ने अनेक वस्तुहरू र गैरदलित दुवैका निमित्त उत्तिकै उपयोग हुन सक्ने विषयवस्तु प्रसस्त मात्रामा भेटिन्छ । त्यस्ता विषय सामग्रीहरूलाई पाठ्यक्रममा अनिवार्य रुपमा समावेश गर्नु पर्ने हुन्छ ।
- सामाजिक शिक्षासँग सम्बन्धित विकासजन्य पूर्वाधार, संस्कृति, इतिहास, भूगोल, राजनीति, आर्थिक क्रियाकलाप आदिमा दलित तथा गैरदलितलाई समान रुपमा प्रवेश गराउनाले दलित तथा गैरदलितको शिक्षाप्रति उत्तिकै आकर्षण बढी पाठशाला जाने बालबालिकाको संख्यामा वृद्धि हुँदै जान्छ । त्यसै हुनाले सामाजिक शिक्षाका पाठ्यक्रममा दलित तथा गैरदलित दुवैको सहभागिता हुने खालका विषयवस्तु तथा क्रियाकलाप समावेश गर्दै जानु पर्ने हुन्छ ।
- वातावरण, स्वास्थ्य र शारीरिक शिक्षामा दलितसँग सम्बन्ध राख्ने प्रसस्त विषयवस्तु रहेका हुन्छन् । अरुको वातावरण र स्वास्थ्यको रक्षा गर्ने दलितहरू आवश्यक ज्ञानका अभावमा आफैं रोगग्रस्त बनेका देखिन्छन् । त्यसै हुनाले दलितहरू आफैले आफ्नो वातावरण र स्वास्थ्यको सुधार गर्ने विषयवस्तु पाठ्यक्रममा समावेश गर्नाले दलित तथा गैरदलित दुवैले आफ्नो स्वास्थ्यमा सुधार गर्दै जानेछन् । त्यसैले यस्ता विषयवस्तुको छनौट गरी वातावरण, स्वास्थ्य र जनसंख्या शिक्षा विषयको पाठ्यक्रममा समावेश गर्नु पर्ने हुन्छ ।
- पाठ्यक्रमका विषयवस्तुसँग दलित तथा गैरदलित दुवैको सरोकार रहेको हुन्छ । समुदायका सबै बालबालिका, अभिभावक, शिक्षक, शिक्षिका, पत्रकार, वुद्धिजीवि, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू यसका लक्षित समूह अन्तर्गत पर्दछन् । दलित समुदायका बालबालिका, बृद्ध, अपाङ्ग एवं उपेक्षित समुदायको कल्याणसँग पाठ्यक्रमका विषयवस्तुहरू प्रत्यक्ष रुपमा लक्षित हुनु पर्दछ ।

# विषय सूची


**१. परिचय ........................................................................................................ १**

१.१ पृष्ठभूमि........................................................................................................ १

१.२ उदेश्य........................................................................................................२

१.२.१ अध्ययन-विश्लेषणको उद्देश्य........................................................................२

१.२.२ पाठ्यक्रमको उद्देश्य........................................................................................२

१.३ अध्ययन-विश्लेषण विधि ........................................................................................२

१.३.१ अध्ययन-विश्लेषण क्रियाकलाप ........................................................................ २

१.३.२ जनशक्तिको चयन तथा कार्यविभाजन........................................................ ३

१.३.३ कार्य समय तालिका........................................................................................५

१.४ अध्ययन-विश्लेषणका सूचकाङ्कहरू (Indicators)........................................................ ६

१.५ अध्ययन-विश्लेषणका सीमाहरू........................................................................ ६

**२. पाठ्यक्रमको तहगत तथा विषयगत विश्लेषण........................................................ ८**

२.१ पाठ्यक्रमका उद्देश्यको तहगत विश्लेषण........................................................ ८

२.२ प्राथमिक विद्यालय तहको विषयगत विश्लेषण....................................................१०

२.३ निम्न-माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण........................................ २३

२.४ माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण................................................ ३५

२.५ उच्च-माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण........................................ ४६

**३. निष्कर्ष र सुझाव........................................................................................ ५५**

सन्दर्भ सामग्रीहरू

अनुसूची - १

अध्ययन-विश्लेषण फर्मेट

अनुसूची - २

कार्यशाला गोष्ठीमा सहभागिहरूको नाम

अनुसूची - ३

कार्यशाला गोष्ठीका तस्विरहरू

अनुसूची - ४

विभिन्न समयमा कार्यशाला गोष्ठीका समाचरका फोटोकपीहरू

# १. परिचय

## १.१ पृष्ठभूमि

“हिन्दू वर्णाश्रम जाति व्यवस्था तथा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ ।”[ज्ञ] सदियौंदेखि धार्मिक, समाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवं सा□स्कृतिक रुपले उत्पन्न कहाली लाग्दो अवस्थाको सामना गरिरहनु परेका दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न शिक्षा नै सर्वोत्तम उपाय हो । जातीय छुवाछुत, सामाजिक विभेदको अन्त्य र चेतना अभिवृद्धि गर्न औपचारिक शिक्षामा दलित समुदायस□ग सम्बन्धित विषयसामग्रीलाई समाहित गर्नु अपरिहार्य नै भइसकेको छ ।

सबैका लागि शिक्षा भन्ने नारालाई मूर्तरूप दिन शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले Education Sector Advisory Team (ESAT) को सहयोगमा प्राथमिक, निम्न-माध्यमिक, माध्यामिक र उच्च-माध्यमिक विद्यालय तहका विद्यमान राष्ट्रिय पाठ्यक्रमका ६ अनिवार्य विषयका (कक्षा १ देखि १२ सम्मका) पाठ्यक्रमलाई अध्ययन गरी, त्यसलाई दलित परिप्रेक्ष्यबाट पुनरावलोकन अध्ययन-विश्लेषण गर्न लागेको छ । देशको कुल जनसंख्याको झण्डै १५ प्रतिशत हिस्सा ओगटेको दलित समुदाय देशको अतिगरीबको जनसंख्या मध्ये ८० प्रतिशत हिस्सामा दलित समुदाय नै रहेका छ । गरीवीका अतिरिक्त छुवाछुत र जातीय भेदभावको पीडामा पनि यही समुदायलाई पिल्सन परेको छ । यस्तो अवस्थामा औपचारिक शिक्षाका विद्यालय तहका राष्ट्रिय पाठ्क्रमहरूलाई दलित परिप्रेक्ष्यबाट पुनरावलोकन गरी समाहित शिक्षाको अवधारणाबाट जातीय भेदभाव र छुवाछुतजस्तो विकृतिको अन्त गर्नु राष्ट्रको सामु ठूलो चुनौती रहेको छ । दलित वालवालिकाको स्कूल भर्ना दर र नियमित स्कूल जाने दर अत्यन्त कम भएको विद्यालय तहको पाठ्यक्रमलाई दलित परिप्रेक्ष्यबाट अध्ययन-विश्लेषण गरी कार्यान्वयनमा ल्याउन सकिएमा यो समुदायको शैक्षिक एवं सामाजिक स्तर उठाउन निकै ठूलो सहयोग पुग्ने आशा राष्ट्रिय दलित आयोगले लिइएको छ । यसै क्रममा यस आयोगले Education Sector Advisory Team को सहयोगमा दलित परिप्रेक्ष्यबाट कक्षा १ देखि १२ सम्मको विद्यमान पाठ्यक्रमलाई पुनरावलोकन गरी यो विश्लेषण प्रतिवेदन तयार पारेको छ ।

यस अध्ययन विश्लेषणमा सामग्रीहरू पाठ्यक्रमको उद्देश्य तथा विषयवस्तु, दलितका चाहना र आवश्यकतालाई मिल्दो रुपमा समाहित गर्ने गरी प्रस्तुत गरिएका छन् । यसबाट अगामी दिनमा पाठशाला जाने दलित बालबालिकाको संख्या बढ्नुको साथै दलित र गैरदलित बीचमा हुने भेदभाव पनि क्रमश: कम हुदै जानेछ भन्ने विश्वास लिइएको छ ।

ज्ञ. जातीय अनुसूची विवरण २०५९, परिमार्जित २०६०, श्री ५ को सरकार, राष्ट्रिय दलित आयोग थापाथली, काठमाण्डौ

## १.२ उदेश्य

### १.२.१. अध्ययन-विश्लेषणको उद्देश्य

- दलितको परिप्रेक्ष्यबाट विद्यालय तह कक्षा १ देखि १२ सम्मका पाठ्यक्रमको पुनरावलोकन, अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन तयार पार्ने ।

### १.२.२ पाठ्यक्रमको उद्देश्य

#### क) तत्कालीन उद्देश्य

- प्राथमिक तथा पूर्वप्राथमिक कक्षादेखि नै पाठ्यक्रम लागू गर्दै जाने ।
- सबै जातजातिको रूचि र चाहना अनुसार प्रयोग गर्दै जाने ।
- विषयवस्तुलाई बाल मैत्री र बालकेन्द्रित बनाउने ।
- पाठ अनुसार विषयवस्तुलाई प्रभावकारी बनाउन सहायक सामाग्री तथा अन्य सामाग्रीहरू प्रयोग गर्ने ।

#### ख) दीर्घकालीन उद्देश्य

- पाठ्यक्रमलाई क्रमशः पूर्वप्राथमिकदेखि उच्च-माध्यमिक तहसम्म र अनुसन्धान तहसम्म क्रमशः लागू गर्दै जाने ।
- सबै जातजातिको रूचि अनुसारका विषयवस्तुहरूको अनुसन्धान गरी त्यसलाई पाठ्यक्रममा क्रमशः समावेश गर्दै जाने ।
- सबै बालबालिकाहरूमा मैत्री तथा बालकेन्द्रित विषयवस्तुहररू क्रमशः समावेश गर्दै जाने ।
- आधुनिक ढंगका शैक्षिक सामाग्रीहरू क्रमशः विकसित गर्दै जाने ।

## १.३ अध्ययन-विश्लेषण विधि

### १.३.१. अध्ययन-विश्लेषण क्रियाकलाप

यो अध्ययन-विश्लेषण कार्यगर्दा निम्न क्रियाकलापहरू गरिएको छ–

- कार्यशाला गोष्ठी/बैठक (सम्पूर्ण क्षेत्रका सरोकारवालाहरू, विद्यार्थी, शिक्षक, दलित बुद्धिजीवी, दलित आन्दोलनका हस्तिहरू, नागरिकसमाज आदिको संयुक्त कार्यशाला गोष्ठी) ।
- हालका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू (कक्षा १ देखि १२ सम्मका ६ अनिवार्य विषयका)को अध्ययन-विश्लेषण ।
- शिक्षा क्षेत्रका विशेषज्ञ तथा विद्वान्हरू सँगको अन्तर्क्रिया तथा परामर्श र छलफल ।
- विषय विशेषज्ञहरूको परामर्श बैठक ।
- अध्ययन टोलीका सदस्यहरूसँगको परामर्श छलफल तथा बैठक ।
- लिखित सुझाव संकलन ।

- टेलिफोनबाट रायप्रतिक्रिया संकलन ।

यस पाठ्यक्रम पुनरावलोकन अध्ययन कार्यलाई व्यवस्थित र उपलब्धि मूलक बनाउन शिक्षा क्षेत्रका विज्ञसँग मिती २०६१।३।१ का दिन राष्ट्रिय दलित आयोगमा परामर्श वैठक सम्पन्न भयो । उक्त बैठकले टोली सदस्यहरूको कार्यलाई एकरुपता प्रदान गर्न अध्ययन र सुझावहरूका लागि छोटो निर्देशिका तयार पारी त्यसैको आधारमा पुनरावलोकन अध्ययन गरियो । पुनरावलोकन अध्ययनका क्रममा टोली सदस्यहरूबीच प्रत्येक एक दिनको अन्तरालमा आयोगमा कार्यप्रगति सहित छलफल गर्ने गरियो । पुनरावलोकन अध्ययनको क्रममा टोली सदस्यहरूबाट सम्बन्धित विषयका विशेषज्ञसँग भेटघाट तथा परामर्श गर्ने कार्य यथावत हुँदै आयो । त्यसैगरी दलित बुद्धिजीवीहरू एवं विभिन्न तहका विद्यार्थीहरूसँग छलफल गरी सुझावहरू संकलन गरियो । पाठ्यक्रम अध्ययन-विश्लेषणको मस्यौदा प्रतिवेदन तयारी कार्यलाई परिपक्क बनाउन मिती २०६१।३।१३ र १४ गते राष्ट्रिय दलित आयोगको सभाकक्षमा सबै क्षेत्रका विशेषज्ञहरू सम्मिलित दलित बहुल दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा दलित समुदायका विभिन्न क्षेत्रका विशेषज्ञ र वुद्धिजीवी, पत्रकार, शिक्षक विद्यार्थीहरू लगायत अन्य क्षत्रेका विशेषज्ञहरू पनि सहभागी भएका थिए । उक्त दुई दिने कार्यशाला गोष्ठीको पहिलो दिन ६ अनिवार्य विषय मध्येका ३ अनिवार्य विषयहरू (सामाजिक, नेपाली र गणित)को कार्यशाला गरी विशेषज्ञहरूले पेश गरेको पाठ्यक्रम मस्यौदामाथि छलफल गरी सुझाव संकलन गरियो भने बाँकी ३ विषयहरूको दोश्रो दिन । कार्यशाला गोष्ठीबाट लिखित र मौखिक दुवै तरिकाबाट थप सुझाव संकलन गरियो र सोही सुझाव समावेश गरी प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरियो ।

### १.३.२. जनशक्तिको चयन तथा कार्य विभाजन

पुनरावलोकन अध्ययन कार्यको लागि एक कार्यदल रहने गरी जनशक्तिको ढाँचा तयार पारिएको थियो । यस कार्यदलमा निम्न अनुसारका ६ जना सदस्य रहने गरी जनशक्तिको ढाँचा तयार गरिएको छ ।

| पनुरावलोकन संयोजक<br>उप-सचिव (रा.द.आ.)<br>पुनरावलोकन सल्लाहकार गरी<br>२ जना |
|---|

| सदस्य १ जना (महिला समुदाय) | सदस्य १ जना (सार्की समुदाय) | सदस्य १ जना (परियार समुदाय) | सदस्य १ जना (तराई दलित र विश्वकर्मा समुदाय) |
|---|---|---|---|

यसबाट दलित समुदायका सवै पक्षको प्रतिनिधित्व गराउने प्रयास गरियो । दलित समुदायको समस्या पहिचान गर्न सक्ने सक्षम व्यक्ति उक्त चार समुदायबाट

प्रतिनिधित्व गराइएको छ भने अन्तरक्रिया र गोष्ठीमा दलित मध्येका जातिलाई यथासंभव सहभागी गराइएको छ ।

## अध्ययन टोलीको कार्यविभाजन

### संयोजक र सल्लाहकार

- अध्ययन संयोजकले पुनरावलोकन अध्ययन कार्यको व्यवस्थापन, संयोजन, अनुगमन र सवै सदस्यको कार्य पुनरावलोकन गर्ने, छलफल तथा बैठकको आयोजना गर्ने, प्रशासनिक कार्यका साथै प्रतिवेदन तयार पार्दा प्रस्तुत सामग्रीको मूल्याङ्कन, सान्दर्भिकता र व्यवहारिकता, विषयवस्तु समायोजन, सम्पादन, भाषिक स्तरीयताका साथै अन्य आवश्यक कार्य गर्ने जिम्मा रहेको र उक्त कार्यहरू सार्वजनिक बिदाको दिनमा र कार्यालय समय भन्दा अगाडिपछाडि गरी आफ्नो कार्य जिम्मेवारी पूरा गर्ने गरी जिम्मेवारी सुम्पिएको छ । कार्यालय समयमा संयोजकले कार्यालयको काम गर्नु पर्ने भएकोले उक्त समयको लागि एक जना पुनरावलोकन सल्लाहकारले संयोजकको निर्देशन अनुसार पुनरावलोकन अध्ययनका आवश्यक सवै कार्यहरू गर्नु पर्ने व्यवस्था गरिएको छ । सोही बमोजिम कार्य सम्पादन हुँदै आएको छ ।

### सदस्यहरू

- प्रत्येक सदस्यले कक्षा १ देखि १२ सम्म तोकिएको १ वा १ भन्दा वढी विषयको पाठ्यक्रम पुनरावलोकन गरी आ-आफ्नो जिम्माको विषयलाई दलित परिप्रेक्ष्यबाट तार्किक, व्यवहारिक एवं ठोस किसिमका सुझावहरू अध्ययन टोलीमा छलफलका लागि लिखित रूपमा प्रस्तुत गर्नु पर्ने जिम्मेवारी रहेको छ ।
  - सवै पुनरावलोकन अध्ययन टोलीका सदस्यहरूले पुनरावलोकन गरेका पाठ्यक्रम एवं सुझावहरूलाई विषयगत रूपमा संयोजकबाट पुनरावलोकन अध्ययन टोली वीचमा व्यापक छलफलगरी अन्तिम रूप दिने प्रयास गरिएको छ ।
  - पुनरावलोकन अध्ययन टोलीबाट स्वीकृत भएका विषयगत सामाग्रीहरूलाई दलित समुदायका विभिन्न जातहरू लगायत सबै क्षेत्रका विशेषज्ञहरू समावेस हुने गरी अंदाजी २०-२५ जना सम्मको बैंठक आयोजना गरी छलफल गराउने र सुझाव संकलन गर्ने गरियो ।
  - पुनरावलोकन अध्ययन टोलीले प्रत्येक २ दिनको कार्यप्रगति टोलीका संयोजक समक्ष नियमित रूपमा पेश गरी छलफल सहित पुनरावलोकन अध्ययन कार्यलाई अन्तिमरुप दिने कार्य अगाडि बढाइएको छ ।

### पाठ्यक्रम पुनरावलोकन कार्य

| विषयहरू | सदस्य<br>१ जना | सदस्य<br>१ जना | सदस्य<br>१ जना | सदस्य<br>१ जना |
|---|---|---|---|---|
| गणित, नेपाली | | | | |
| विज्ञान, अंग्रेजी | | | | |
| सामाजिक शिक्षा | | | | |
| स्वास्थ्य, जनसंख्या, वातावरण र अन्य | | | | |

अध्ययन-विश्लेषणका ६ विषयहरूमध्ये चार जना सदस्यहरूको कार्यभारलाई समान र सुहाउँदो किसिमको बनाउने उदेश्यले सामाजिक शिक्षा र स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षालाई एक/एक जना सदस्यले अध्ययन-विश्लेषण गर्ने, गणित र विज्ञान विषयको अध्ययन-विश्लेषण गर्ने कार्यलाई नेपाली र अंग्रेजी विश्लेषण गर्ने एक/एक जना सदस्यहरूलाई एक/एक विषय थप गरी अध्ययन-विश्लेषण गर्ने कार्य गरिएको छ । सदस्यहरूको कार्यभार कामगर्दाको सिलसिलामा कामको प्रकृति हेरी संयोजन गर्न सक्ने व्यवस्था मिलाइएको छ भने यो कामको लागि आवश्यक सम्पूर्ण पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका आदि सबै सामाग्रीहरू चाहिदो मात्रामा एजुकेशन सेक्टर एड्भाइजरी टिम (ESAT) बाट उपलव्ध गराइएको छ ।

### १.३.३. कार्य समय तालिका

कार्य समयतालिका निम्नअनुसार तय गरिएको छ–

| अध्ययनमा सहभागीहरू | कार्य विवरण | लाग्ने समय दिनमा |
|---|---|---|
| ६ सदस्यीय पुनरावलोकन अध्ययन टोली संयोजक-१ जना र सल्लाहकार १ जना ।<br>टोली सदस्यहरू-४जना । | - टोली संयोजक र सल्लाहकारले व्यवस्थापन, अनुगमन, समन्वय र सबै सदस्यहरूको पुनरावलोकन विषय, सबै विषयहरूको मुल्याङ्कन समायोजन गर्ने ।<br>- टोली सदस्यहरूले कक्षा १ देखि १२ सम्मका विषयगत पाठ्यक्रमहरू अध्ययन गरी सुझाव लेखिपठाउने ।<br>- एकजना सदस्यले बढिमा १२ वटा सम्म एउटा विषयको अध्ययन र सुझाव दिनु पर्ने । | अध्ययनका लागि ७ दिन र सुझाव लेख्न ३ दिन जम्मा १० दिन । |
| अनुसन्धान सहायक | - अध्ययन टोलीले दिएका सुझावहरू Research Assistant ले पेश गर्ने र टाइप तथा अन्य आवश्यक कार्य गर्नु पर्ने । | ३ दिन |
| २० जना (विषयगत विज्ञहरू दलित समुदायबाट र अन्य बुद्धिजिवीहरू) । | - ६ वटा विषयको विषयगत छलफत गोष्ठी आयोगको सभा कक्षमा संचालन गर्ने र टोलीका सदस्यहरूले आ-आफ्नो क्षेत्रको पुनरावलोकन अध्ययन सम्बन्धी विषय | क्रमश: २ दिनसम्म नियमित । २ पटक । |

| | | |
|---|---|---|
| | प्रस्तुत गर्नुपर्ने । | |
| ६ सदस्यीय पुनरावलोकन अध्ययन टोली | - गोष्टीबाट प्राप्त सुझावहरू लाई समावेश गरि प्रतिवेदन तयार गर्ने । | १ दिन |
| अनुसन्धान सहायक र अध्ययन टोली | - प्रतिवेदन -पुनरावलकोन टोलीले लेखेको) कम्प्युटर टाइपिङ्ग र सम्पादन । | १ दिन |
| अनुसन्धान सहायक र अध्ययन टोली | - अन्तिम प्रतिवेदनलाई टाइपिङ्ग, विशेषज्ञबाट सम्पादन गरि Education Sector Advisory Team मा प्रतिवेदन बुझाउने । | २ दिन |

पाठ्यक्रमको पुनरावलोकन अध्ययन-विश्लेषण कार्य मिति २०६१/३/१ देखि १७ गते भित्रमा सम्पन्न गरिएको हो । सो पुनरावलोकन अध्ययनको मस्यौदा प्रतिवेदनलाई पाठ्यक्रम विकास केन्द्र र Education Sector Advisory Team ले उपलब्ध गराएको सुझाव सहित परिमार्जित अन्तिम प्रतिवेदनको रुपमा यसलाई प्रस्तुत गरिएको छ ।

## १.४. अध्ययन-विश्लेषणका सूचकाङ्कहरू (**Indicators**)

- जातीय छुवाछुत र भेदभावको विद्यमान अवस्था,
- दलित प्ररिप्रेक्ष्यका सामग्री विद्यमान पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश हुन नसकेको अवस्था,
- विद्यमान पाठ्यक्रम तथा पाठ्यपुस्तकले सामुदायिक सन्तुलन कायम गर्न नसकेको भन्ने व्यापक गुनासो रहेको अवस्था,
- शिक्षामा दलित समुदायका समस्याहरू तथा औपचारिक शिक्षामा समावेश गरी समुदायिक महत्व र आवश्यकतालाई सम्बोधन गर्न नसकेको नागरिक समाजको गुनासो,
- विद्यालय तहमा बालबालिका एवं शिक्षकबीच रहेको भेदभाव र छुवाछुत प्रथाबाट सिर्जित हीनताबोधक पाठ्यशब्दावली, वाक्यांश, उखान-टुक्का र परम्परागत प्रशिक्षण प्रचलन जस्तै– दमाई 'द' आदि कायमै रहेको अवस्था ।

## १.५. अध्ययन-विश्लेषणका सीमाहरू

पाठ्यक्रम अध्ययन टोलीमा विभिन्न व्यवसायका तथा भौगोलिक क्षेत्रहरूका दलितहरूलाई समावेश गर्नु पर्नेमा समय तथा पर्याप्त आर्थिक स्रोतको अभावमा यस अध्ययनको निम्ति विश्वकर्मा, सार्की, परियार र तराइका दलित गरी एकएक जातको प्रतितिधित्व गराइएको छ । त्यस्तै अध्ययन-विश्लेषण टोलीमा क्षेत्रीय सन्तुलनका दृष्टिले लैङ्गिक प्रतिनिधित्वका साथै सुदूर पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल क्षेत्रको कर्णाली अञ्चल, पूर्वीतराई र पश्चिम तराई समेतको प्रतिनिधित्व गराइएको छ । यस बाहेक पुनरावलोकन संयोजक र पुनरावलोकन सल्लाहकार समेतलाई अध्ययन टोलीमा समावेश गरिएको छ । पाठ्यक्रम अध्ययन टोलीले तयार गरेको अध्ययन प्रतिवेदनलाई देशका विभिन्न भौगोलिक वा विकसित क्षेत्रका सदरमुकामहरूमा कार्यशाला गोष्ठीको आयोजना गरी अन्तिम रुप दिन नसकिए पनि सबै दलित, विघटित राष्ट्रिय

दलित आयोगका पदाधिकारी, दलितसम्बन्धी सङ्घसंस्था, दलितप्रति सहानुभूति तथा सहकार्यमा लाग्ने बुद्धिजीवी पूर्वसांसदहरूको व्यापक सहभागितामा कार्यशाला सम्पन्न गरी अध्ययन प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

# २. पाठ्यक्रमको तहगत तथा विषयगत विश्लेषण

विद्यालय तह कक्षा १ देखि १२ सम्मका विद्यमान पाठ्यक्रमहरूलाई यो भागमा विश्लेषण गरिएको छ । अध्ययन-विश्लेषणलाई सरल र सहज रुपमा बुझ्न सकियोस् भन्ने दृष्टिले पाठ्यक्रमलाई तहगत र विषयगत रुपमा अध्ययन-विश्लेषण गरिएको छ । अध्ययन-विश्लेषण गरिएका पाठ्यक्रमहरू श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा प्रकाशित गरेका संस्करणहरूलाई प्रमुख आधार बनाइ विश्लेषण गरिएको छ । अध्ययन-विश्लेषण गरिएका पाठ्यक्रमहरूको विस्तृत विवरण अनुसूची खण्डमा प्रस्तुत गरिएको छ । यसैगरी उच्च-माध्यमिक तहको पाठ्यक्रम, उच्च-माध्यमिक शिक्षा परिषद, सानो ठिमी, भक्तपुरबाट प्रकाशित भएका पाठ्यक्रमलाई अध्ययन-विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## २.१. पाठ्यक्रमका उद्देश्यको तहगत विश्लेषण

**प्राथमिक विद्यालय तह :–**

प्राथमिक विद्यालय तहको ६ अनिवार्य विषयहरूको पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यको अध्ययन-विश्लेषण गर्दा प्राथमिक विद्यालय तहको पाठ्यक्रममा समग्ररुपमा निम्न कुराहरूलाई समावेश गर्नु आवश्यक देखिन्छ ।

- दलितका वारेमा देखे, सुनेका र पढेका घटनाहरूका सम्बन्धमा स-साना सरल शब्द पढ्न, लेख्न र भन्न सक्ने गरी विषयवस्तु समावेश हुनु पर्ने ।
- दलित सम्बन्धी विषयवस्तुको अध्ययन पश्चात् विद्यार्थीले सिकेका कुराहरू भन्न लेख्न र पढ्न सक्ने खालका पाठ्यसामग्री समावेश हुनु पर्ने ।
- दलितसँग सम्बन्धित समस्याहरू समाधान गरी व्यवहारिक रुपमा प्रयोग हुन सक्ने विषय सामाग्रीहरू समावेश गर्नु पर्ने ।
- जात, वर्ण, धर्म, लिङ्ग र पेशाका आधारमा भेदभाव नगर्ने खालको उद्देश्य पाठ्यक्रममा समावेश हुनु पर्ने ।
- विभेदपूर्ण संस्कृति, रहनसहन र बोलिवचनको प्रयोग गर्न नपर्ने खालको विषयवस्तुलाई उद्देश्य मै समाहित गर्नु पर्ने ।
- दलित समुदायको सम्मान र मर्यादा गर्न सिकाउने खालको विशिष्ट उद्देश्य पाठ्यक्रममै रहनु पर्ने ।
- धातु र पदार्थ एवं सरसफाईको ज्ञान दिने खालको विषयसामग्री उद्देश्यमै स्पष्ट हुनुपर्ने ।
- सरसफाई र वातावरण सबैको साझा सवाल हो । जातीय आधारमा कसैले जिम्मा नलिएको बोध गराउने खालको सन्देश प्रस्तुत गर्दा यस्ता सामग्रीहरू पाठ्यक्रमकै उद्देश्यमा उल्लेख भएको हुनु पर्ने ।

**निम्न-माध्यमिक विद्यालय तह :-**

निम्न-माध्यमिक विद्यालय तहका ६ वटा अनिवार्य विषयहरूको पाठ्यक्रममा विद्यमान सामान्य र विशिष्ट उद्देश्यमा निम्न विषयवस्तुहरूलाई उद्देश्यमै समावेश गर्नु आवश्यक देखिन्छ।

- दलितका वारेमा पढेका पाठहरूबाट व्यवहारिक परिवर्तन ल्याई समाजमा परिवर्तन र समतामूलक समाजको निर्माणमा सहयोग गर्ने खालको पाठ्यसामग्री प्रस्तुत हुने खालको उद्देश्य निर्माण गर्ने ।
- पाठ्यक्रमको उद्देश्य सीप, कला र पेशाप्रति प्रेरित गर्ने खालको सामग्री समावेश गरिनु पर्ने ।
- छुवाछुतलाई असामाजिक मूल्यको रुपमा चित्रण गरी र जातीय भेदभाव उन्मूलन गराउने खालको पाठ्यसामग्री तर्जुमा गर्नु पर्ने सम्बन्धमा यसै अनुरुपको उद्देश्य निर्धारण गर्ने ।
- भावनात्मक सामाजिक एकता बृद्धि गराउने विषय सामग्रीहरूलाई पाठ्यक्रमको उद्देश्य मै संलग्न गराउने ।
- दलित वर्गका उपेक्षित जातजातिका महान् व्यक्तित्वप्रति सम्मान जगाउने विशिष्ट सामग्रीहरू उद्देश्यमै समाहित हुनु पर्ने ।
- सामाजिक विकृति र गलत संस्कार विरुद्ध जुध्ने खालको पाठ्यसामग्रीलाई पाठ्यक्रमको उद्देश्यले नै निर्देशित गरेको हुनु पर्ने ।
- विधागत दलितका पाठहरूको गति, यति र लयहाली वाचन गर्न र सार बुझ्न र स-साना रचना गर्न लगाउने खालको विषयगत उद्देश्य किटान हुनु पर्ने ।
- धातुमा हुने मिसावटको वैज्ञानिक ज्ञान दिने खालको विषयवस्तु उद्देश्यले निर्देशित गर्नु पर्ने ।
- नेपालको कानुन र मानवाधिकारको वारेमा सामान्य जानकारी दिने उद्देश्य हुनु पर्ने ।
- बसाइँ-सराईलाई असर पार्ने विभिन्न तत्व मध्ये जातीय छुवाछुत पनि एक हो भन्ने जस्ता सन्देशहरू धार्मिक क्षेत्रमा पहुँच हुन नसकेको पक्षका विषयवस्तुहरू पाठ्यक्रमको विशिष्ट उद्देश्यमै समावेश गरी तद्नुरुप पाठ्यसामग्री निर्माण हुनु पर्ने ।

**माध्यमिक विद्यालय तह :-**

माध्यमिक विद्यालय तहको ६ वटा अनिवार्य विषयहरूको पाठ्यक्रममा विद्यमान सामान्य र विशिष्ट उद्देश्यमा निम्न कुराहरूलाई समावेश गर्नु आवश्यक देखिन्छ।

- विभिन्न विधामा दलितका पाठ थपी त्यसबाट सिकेका कुराहरूलाई तर्कसंगत ढंगले प्रस्तुत गर्ने र सन्देशमूलक सामग्री थप गर्ने ।

    - दलित समुदायको सामाजिक, आर्थिक तथा अन्य व्यवहारिक अवस्थाका वारेमा बोध गराउने खालको पाठ्यसामग्री मिल्दो किसिमले पाठ्यक्रमको तहगत उद्देश्यमै समावेश गर्नु पर्ने ।
    - समाज र राष्ट्रलाई दलित समुदायले पुऱ्याएको योगदानको जानकारी दिने भावना समावेश भएको हुनु पर्ने ।

- नेपालको कानुन र मानवाधिकारको वारेमा जानकारी हासिल गर्ने खालको सामग्री समायोजन गर्नु पर्ने ।
- समानताको हकमा जातीय समानतालाई टेवा दिने विषयवस्तु पनि समावेश गरिनु पर्ने ।
- प्राथमिक स्वास्थ्य हेरचाह र सूचना शिक्षा क्षेत्रबाट बञ्चित दलित समुदायभित्र चेतना वृद्धि गराउने सामग्री राख्ने ।
- जातीय महत्वभन्दा कृतित्व र व्यक्तित्वको महत्व बढाउन दलित समुदायका ऐतिहासिक व्यक्तित्वका वारेमा विषयसामग्री प्रस्तुत गर्ने ।
- हरेक ऐतिहासिक जन आन्दोलनमा दलित समुदायको भूमिकाका वारेमा जानकारी दिने पाठहरू समावेश गर्ने ।
- उपर्युक्त सामग्रीहरूको आवश्यक जानकारी हुने गरी तहगत उद्देश्य निर्धारण गर्ने र सो उद्देश्यबाट प्रेरित भएको पाठ्यसामग्री निर्माण गर्ने ।

**उच्च-माध्यमिक विद्यालय तह :-**

उच्च-माध्यमिक विद्यालय तहको अनिवार्य विषयहरूमा पाठ्यक्रमको विद्यमान सामान्य र विशिष्ट उद्देश्यमा निम्न कुराहरूलाई समावेश गर्नु आवश्यक देखिन्छ ।

- विभिन्न विधामा दलितका पाठ समावेश गर्ने र यस्ता पाठबाट आर्जेको ज्ञानलाई विवेकपूर्ण ढंगले प्रस्तुत गर्न सक्नुका साथै व्यवहारिक जीवनमा परिवर्तन ल्याउनसक्ने कुरालाई तहगत उद्देश्यमै प्राथमिकता दिई राख्ने ।
- दलित जातजाति सम्बन्धी सकारात्मक परिवर्तन हुने भावनालाई उद्देश्यमा समावेश गर्ने ।
- विभिन्न जातजाति बीच सामाजिक एकीकरण अपरिहार्य हो भन्ने विषयलाई प्रमुख उद्देश्यमा राख्ने ।
- जातीय विभेदले नेपाली अर्थतन्त्रमा पारेको नकारात्मक असरको जानकारी हुने खालको पाठ्यसामग्री प्रस्तुत गर्न भिन्दै उद्देश्य निर्धारण गरी पाठ्यसामग्री निर्माण गर्ने ।

## २.२. प्राथमिक विद्यालय तहको विषयगत विश्लेषण

**विषय :- अंग्रेजी**

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- प्राथमिक तहको अंग्रेजी शिक्षाको विषयमा अंग्रेजी भाषाको भाषिक ज्ञान दिन खोजिएको छ । उक्त पाठ्यक्रमलाई मध्यनजर राख्दा समग्रमा भाषिक सीप, बोलाइ, लेखाइ र सुनाइमा विद्यार्थीको केही मात्रामा ज्ञान हुने भएकोले उपयुक्त नै देखिन्छ ।

## ख) विद्यमान पाठ्क्रमका दुर्वल पक्षहरू :-

- प्राथमिक तहका पाठ्यक्रमहरूमा दलित समुदायको व्यवसायिक कार्यमा प्रयोग हुने (औजार) सामाग्रीहरूको नाम (जस्तैः Hammer, Ring, Shoes) सँग बालबालिकालाई प्राथमिक तहदेखि नै अंग्रेजी भाषामा परिचित गराउनु नसकिएको, दलित समुदायका शिल्पहरूलाई सरल भाषामा जानकारी गराउन पर्ने पाठ्यसामग्री पाठ्यक्रममा राख्न पर्ने सो नभएको, दलित जातजातिका महापुरूष, समाजसेवी, विद्वान्, वैज्ञानिक, ऐतिहासिक पुरूष, महिला, गायक, संगीतकार लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविताहरू प्राथमिक तहको पाठ्यक्रममा बिस्तारै समाहित हुँदै जानु पर्नेमा त्यसो हुन नसकेको । छुवाछुत जस्तो सामाजिक विकृति र विसंगतिका विरूद्ध नयाँ जागरण ल्याउने खालका सामाग्रीहरू, विश्व मानव जातिको सन्दर्भ, दलित समुदायको पेशाको महत्व झल्काउने खालका बालरोचक सामाग्रीहरू समावेश गरी विद्यार्थीहरूमा सामाजिक एकताको भावना जागृत गराउनु पर्नेमा ती विषय सामग्रीहरू पाठ्यक्रममा समाहित हुन नसकेको ।

## ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-

- सामुदायिक एवं जातीय परिप्रेक्ष्यबाट अंग्रेजी विषयको पाठ्यक्रम विश्लेषण गर्दा विद्यमान पाठ्यक्रमहरूमा सामुदायिक उत्थान एवं विकासका महत्वपूर्ण सामाग्रीहरू समावेश हुन नसेकेको पाइएकोले विद्यमान प्राथमिक विद्यालय तहको पाठ्यक्रममा समुदाय संलग्नताको दृष्टिकोणले निम्न सामग्रीहरू Input को रूपमा समावेश गर्नुपर्ने देखिन्छ ।

- दलित समूदायले परम्परागत रूपमा अवलम्बन गर्दै आएका र पेशामा निरंतर रूपमा प्रयोग हुने खालका अंग्रेजी भाषाका शब्दहरू Glossary को रूपमा यस तहको अंग्रेजी विषयमा समावेश गर्दै जानु पर्ने । उदाहरणका लागि hammer, ring, shoes, swing machine, cloths, spade, dress, sandle, paddle, buttom, thread, cutter आदि ।

- सबै समुदायका विद्यार्थीहरूको उत्तिकै सहभागिता हुने गरी छाला प्रशोधन, जुत्ता निर्माण, धातुका सामाग्रीहरू निर्माण र सौन्दर्यता निर्माणका सीप र कलाहरूको परिचय दिने खालका सामाग्रीहरू समावेश गर्ने ।

- दलित समुदायभित्रका महापुरूष, समाजसेवी, विद्वान् वैज्ञानिक, ऐतिहासिक पुरूष, महिला, गायक, संगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वहरूका जीवनी, कथा र उनीहरूले गरेका साहसिक कदमहरूको अंग्रेजी भाषामा रोचक जानकारी दिने खालका सरल विषयवस्तु समावेश गर्ने ।

- सामुदायिक पेशाको महत्व झल्कने पाठ्य सामाग्रीहरू जस्तैः- कपडा सिलाईको महत्व, कृषि तथा घरायसी औजारहरू (कुटो, कोदालो, घन, जोतारा, फाली, खुकुरी, चक्कु,

छुरी), सुनका गहनाहरू, (बुलाकी, रिङ्ग, तिलरी), मन्दिर तथा घरमा प्रयोग हुने चाँदी तथा तामाका भाडाहरू, पूजाका सामान, (पंचपाला आरती, देवताका मूर्तिहरू) आदिको राष्ट्रिय स्तरमा महत्व झल्किने खालका विषयवस्तुका पाठ्यसामग्रीहरू सरल भाषामा निर्माण गरी उनीहरूको जातीय पेशागत मर्यादाको सम्मान बढाउने सामग्री थप्नु पर्ने ।

- छुवाछुत सामाजिक अपराध र अमानवीय संस्कार भएकोले समाजबाट यस्तो विकृति हटाउन सकिने खालको ज्ञानवर्धक र विश्व मानवजाति एउटै हो भन्ने भावना जागरण हुने खालको स-साना कविता र कथाहरूलाई सरल र सकारात्मक सामाग्रीको रूपमा पाठ्यक्रममा समावेश गरी सामाजिक एवं राष्ट्रिय एकताको भावना पैदा गर्ने । उदाहरणका लागि दलित व्यक्तित्वका साहसिक कविताहरू, दलित, गैरदलितबीच पारस्परिक समन्वय कायम गर्न सहयोग पुग्ने सुख-दुःखका कथाहरू, पुरानो संस्कारस□ग संघर्षरत नया□ पिढीका सरल आलेखहरू आदि ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- समुदायभित्रका सीपहरू, सीपसँग सम्बन्धित औजारका नामको विषयमा प्राथमिक तहमा अंग्रेजी भाषामा लेख्न, पढ्न र बोल्न सिकाउँदा समुदायका बालबालिकाहरू प्रोत्साहित भई यस्ता विषयहरूमा प्रयोग हुने शब्दहरूसँग परिचित भई शब्दहरू प्रयोग गर्न सक्ने हुन्छन् भने अन्य समुदायका बालबालिकाले पनि नयाँ विषयवस्तुको जानकारी पाउने हुँदा उनीहरूमा पनि सामुदायिक व्यवसाय, सीप, कला र साहित्यमा रूचि पैदा हुन जान्छ । विद्यार्थीहरूलाई अंग्रेजी भाषा प्रतिको रुचि बढ्न सक्छ ।

- दलित समुदायको व्यवसायिक सीप र कलाको महत्व र योगदानका विषयमा सबै विद्यार्थीहरू परिचित भई दलित समुदायका विद्यार्थीको विभिन्न वर्गसमुदायका विद्यार्थीहरूबीच आपसी भाइचारा बढ्नुका साथै वाल्यकालदेखि दलित समुदायका जातीय पेशाहरूको सम्मान गर्ने बानी बस्दछ । यसले जातीय पेशालाई समुदायमा सामान्यीकरण गर्ने भावना पैदा गर्छ । जातीय समुदायका महापुरूषहरूको जिवनी, कथा, कविताहरूलाई पाठ्यक्रममा समावेश गरी पठनपाठन गराउँदा दलित समुदायका विद्यार्थीहरूको आत्मगौरव बढ्ने हुन्छ । उनीहरूको समुदाय भित्रका विशिष्ट व्यक्तिहरूको वारेमा आफ्ना कितावमा पढ्न पाउँदा पढाईप्रति प्रेरणा जाग्ने हुन्छ भने अन्य समुदायका विद्यार्थीहरूमा पनि दलित समुदायका महान् व्यक्तिहरूलाई सम्मान गर्न पर्ने भावनाको वीजारोपण हुन्छ ।

- समाजमा विद्यमान छुवाछुत विरूद्धको पाठ जस्तै “मानिस मानिस बीचको समानता” जस्ता पाठ शीर्षक समावेश गर्नाले समाजमा रहेको छुवाछुत संस्कारप्रति विद्यार्थीहरूमा घृणा पैदा भई विश्व मानवजातिभित्रको सहकार्य र सह-अस्तित्वको भावपैदा हुन्छ र विद्यार्थीहरूमा सामाजिक एकाताको भावना सुदृढ हुन थाल्छ ।

विषय :- नेपाली

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- पाठ्यसामग्रीको गठन प्रक्रिया सवल देखिन्छ ।
- बालमनोविज्ञानका आधारमा वालगीत, कथा, सरल कविता, चिठ्ठी र व्याकरणका अंश र अभ्यासका क्रियाकलाप प्रभावकारी देखिन्छन् ।
- चित्रहरूले रोचकता ल्याएको छ ।
- सामान्य प्रकारले सबैलाई समेट्न खोजिएको छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- सबै वर्ग र समुदायलाई समेट्न नसक्नु ।
- छुवाछुत जस्तो सामाजिक विकृति र विसंगतिका विरुद्ध नयाँ जागृति ल्याउन नसक्नु ।
- दलितका सीप, कलाको महत्व तथा आवश्यकता र नेपाली कला एवं सँस्कृतिमा यो वर्गको देनको वारेमा नेपाली विषयमा कुनै परिचयसमेत समावेश नहुनु ।
- दलित वर्गका महापुरुष, समाजसेवी, विद्वान्, वैज्ञानिक, ऐतिहासिक पुरुष, महिला, गायक, संगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविता, वालगीत, चिठ्ठी आदि प्राथमिक तहको नेपाली पाठ्यक्रमले समावेश गर्न नसकेको ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

सामुदायिक एवं जातीय परिप्रेक्ष्यबाट पाठ्यक्रमलाई विश्लेषण गर्दा विद्यमान पाठ्यक्रमहरूलाई सामुदायिक उत्थान एवं विकासका महत्वपूर्ण सामाग्रीहरू समावेश हुन नसकेका पाइएकोले विद्यमान प्राथमिक तहको नेपाली पाठ्यक्रममा समुदाय उत्थानका दृष्टिकोणले निम्न विषयवस्तुहरू Input को रुपमा समावेश गर्नु पर्ने आवश्यक देखिन्छ ।

- मानवमानवबीच छुवाछुत जस्तो अमानवीय कुसंस्कारलाई तिरस्कार गर्न र घृणाभाव जगाउने विशेष खालका ज्ञानवर्धक, चेतना मूलक, सन्देशमूलक पाठ्यसामग्रीलाई कथा, सरल कविता, चिठ्ठी र बालगीतको रुपमा रोचक तथा आकर्षक पाराले समावेश गर्ने ।
- दलित समुदायभित्रका महापुरुष, समाजसेवी, ऐतिहासिक पुरुष, महिला, गायक, संगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी/कथामा उनीहरूले गरेका उल्लेखनीय कार्यको रोचक जानकारी समावेश गर्ने ।
- दलित समुदाय नायक भएका रोमाञ्चक पाठ्यसामग्रीमा सीप तथा कलाको महत्व एवं महिमा र ती सामग्रीको प्रयोजन, नेपाली साँस्कृतिक परम्परा भेषभूषामा यसको अपरिहार्यताजस्ता पाठ्यसामग्री समावेश गर्ने ।
- पेशाको मर्यादा तथा सम्मान बढाउन काष्ठकला, मूर्तिकला, हस्तकला, धातुकला, छालाका सामाग्री आदिको राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा महत्व झल्काउने खालका पाठ्यसामग्री निर्माण गरी थप्नु पर्ने ।

- दलित समुदायद्वारा सृजित भएका सामग्रीहरू जस्तैः- पोशाकको महत्व, कृषि तथा घरायसी प्रयोगमा आउने सामानहरू (कुटो, कोदालो, घन, जोतारो, खुकुरी, सुन तथा चाँदीका गरगहनाहरू फूली, बुलाकी, तिलहरी, मुन्द्री, ताउलो, गाग्रो, हत्तर, गिलास, हुण्डी, ताप्के, ओदान पूजापाठका लागि पंचपाला, दियो, देवताका मूर्ति, बाजागाजामा सारङ्गी, दमाहा, नर्सिङ्गा, झ्याली, ट्यम्को, सहनाई, बाँसुरी) सँग सम्बन्धित शब्दहरूको पहिचान, चित्र प्रस्तुति, छोटा तथा सरल वाक्य निर्माण एवं प्रयोग गर्नेजस्ता सामाग्री समावेश गर्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- पाठ्यक्रमले थप गरेका ज्ञानवर्धक र रोचक कथा, कविता, बालगीतजस्ता सरल सामग्रीले छुवाछुत जस्तो सामाजिक कुसंस्कारलाई परित्याग गर्ने सन्देश दिने छन् र बालमनोविज्ञानमा यसको सकारात्मक प्रभाव पर्ने छ ।
- दलित समुदायभित्रका ख्यातिप्राप्त गायक, संगीतकार ऐतिहासिक व्यक्तित्व, समाजसेवी, लेखक साहित्यकारको महिमा प्रस्तुत भएका जीवनी, कथाआदिले दलितहरूको मर्यादा बढ्नेछ ।
- नेपाली कला, साँस्कृतिक परम्परा तथा भेषभूषामा दलित समुदायद्वारा सृजित सामाग्रीको महत्व र आवश्यकता परिचयात्मक पाठ्यसामाग्रीले दलित वर्गको सकारात्मक पहिचान दिलाउने छ ।
- काष्ठकला, मूर्तिकला, हस्तकला, धातुकला, छालाका सामाग्रीको राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा दिएको पहिचानले यस्ता सामाग्रीका स्रष्टा दलितहरू भएको विषय सार्वजनिक भई यिनीहरूको सम्मान बढ्दै पेशाको समेत मर्यादा बढ्ने छ ।

विषय :- गणित

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- गणितका आधारभूत क्रिया जोड, घटाऊ, गुणन, भागको उचित ज्ञान दिन खोजिएको छ ।
- संख्याको धारणा दिन चित्रको प्रदर्शन गरिएको छ ।
- मुद्रा तथा नाप, तौल, समय, दूरी, दशमलव, भिन्न, प्रतिशत, ऐकिक नियम, वारग्राफ, तालिका र विल आदिको ज्ञान दिइएको छ ।
- बीजगणित र ज्यामितिसमेत समावेश गरी गणित सम्बन्धी ज्ञानलाई फराकिलो पार्न खोजिएको छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- गणितका अभ्यासका प्रश्नहरू र उदाहरणमा दलित परिप्रेक्ष्य सकारात्मक ढंगले प्रस्तुत गरिएको छैन ।
- दलितको पहिचान दिनसक्ने खालका शब्द र वाक्यहरू उदाहरणको रुपमा प्रस्तुत हुन सकेको छैन ।
- वार-ग्राफ, चार्टहरूमा दलितका कुनै गणितीय आँकडा प्रस्तुत हुन सकेको छैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- जोड, घटाउ, गुणन, भागका अभ्यासका प्रश्न तथा उदाहरणहरूमा दलितका पेशा व्यावसायलाई हिसाब गणनाको रुपमा सकारात्मक ढंगले प्रस्तुत गर्ने खालका शब्द तथा वाक्य निर्माण गर्ने ।
- प्रतिशत अभ्यासका प्रश्नावलीहरूमा दलितले आम्दानी, लगानी गरेका संख्यात्मक हिसाबहरू सकारात्मक ढंगले प्रश्नहरू र उदाहरणहरूमा समावेश गर्ने ।
- ऐकिक नियम जस्ता अभ्यासका प्रश्नहरूमा दलितले सकारात्मक कार्य गरी अन्य वर्गलाई सरसापटी दिएका कुरा गणितीय अभ्यासमा समावेश गर्ने ।
- पेशागत सीपकला, व्यावसायसँग सम्बन्ध राख्ने शब्द र वाक्यहरू निर्माण गर्ने ।
- बार-ग्राफ, चार्टका अभ्यासका प्रश्नहरूमा दलितको शैक्षिक, आर्थिक, जनसंख्या आदिको तथ्याङ्कलाई अन्य समुदायसँग तुलना गरिएका प्रश्न उदाहरणहरू राख्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- कलिलो  मनस्थितिका बालबालिकाहरू दलितका पेशाव्यावसायसँग सम्बन्धित शब्द र वाक्यहरूले विद्यार्थीहरूमा सकारात्मक सोच पैदा गर्ने छ ।
- गणितीयका भाषामा दलितले पनि आम्दानी लगानी गरेका भाव बालबालिकाको आत्मामा भिज्न गई उनीहरू प्रतिको हीनताभाव कम हुनेछ ।
- पेशागत सीप तथा कलासँग निकट शब्द र वाक्यको ज्ञान बटुल्नेछन् ।

विषय :- विज्ञान

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विज्ञान विषयमा धातुको वारेमा ज्ञान दिन खोजिएको छ । यसको मिसावटको वारेमा पनि सामान्य रुपमा ज्ञान दिन खोजिएकोले सकारात्मक नै छ भन्नु पर्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुवर्ल पक्षहरू :-**

- यस पाठ्यक्रमले यथेष्टमात्रामा धातुको मिसावटको ज्ञान दिन सकेको छैन । दलितहरूले धातु सम्बन्धी काम र सीपमा दखल राख्छन् भन्ने कुराको परिचय दिन सकेको छैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- विद्यमान पाठ्यक्रममा धातुको मिसावट सम्बन्धी कुराहरू यथेष्टमात्रामा समावेश गर्नु पर्ने देखिन्छ । धातुको काम गर्नेहरूको उच्च सम्मान गर्न उनीहरूलाई साना वैज्ञानिक भनी पाठ्यसामग्रीमा समावेश गर्नु पर्छ । धातुको काम गर्ने दलितहरूको यस सम्बन्धी ऐतिहासिक परिचय समावेश गर्नु पर्दछ ।

**घ) थप पाठ्यक्रमका अपेक्षित उपलब्धिहरू :-**

- थप सामग्रीबाट विद्यार्थीहरूलाई धातुको काम र मिसावट सम्बन्धी ज्ञान प्राप्त हुनेछ ।
- धातुको कामका ऐतिहासिक व्यक्तित्वको रुपमा दलित समुदायको परिचय प्रस्तुत हुनेछ ।
- धातुकार्यका सम्बन्धमा दलित समुदायको ऐतिहासिक महत्व बढ्नेछ ।

विषय :- सामाजिक शिक्षा

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- कला सौन्दर्यप्रति अभिरुची जगाई सिर्जनशील सीपको विकास गर्न र विभिन्न जातजाति, धर्म, भाषा, संस्कृतिप्रति सद्भाव जगाउने र लिङ्गप्रति समभाव राख्ने किसिमको विषयसामग्री राख्ने प्रयास भएको देखिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- विविध जाति, भाषा, धर्म, लिङ्ग तथा पेशाका आधारमा विभेद नगर्ने नागरिक तयार गर्ने विषय सामग्री पाठ्यक्रमको उद्देश्यमा समावेश हुन नसकेको ।
- जातीय भेदभाव र छुवाछुतजस्तो कुसंस्कार निरुत्साहित गर्ने खालका सान्दर्भिक सामग्री समावेश हुन नसकेको ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलित समुदायले जातीय आधारमा गर्दै आएका परम्परागत मौलिक पेशाको उच्च मूल्यांकन गर्न, सम्मान गर्न, जात र पेशाका आधारमा विभेद, जातीय उच्चताबोध तथा हीनताबोध नगर्न र जातका आधारमा कसैलाई बढी र कसैलाई कम सम्मान नगर्न प्रेरणा प्रदान गर्ने खालका विषयवस्तु समावेश गरिनु पर्छ ।
- सार्वजनिक स्थल र साधनको प्रयोग गर्दा जातीय आधारमा कसैलाई विभेद गर्नु हुँदैन भन्ने प्रेरणा प्रदान गर्ने खालका विषयवस्तु समावेश गरिनु पर्छ ।
- जातका आधारमा गरिने विभेदकारी सांस्कृतिक परम्परा र प्रचलनलाई हतोत्साहित गर्ने खालका विषयवस्तु समावेश गरिनु पर्छ ।
- जातीय विभेदपूर्ण क्रियाकलापलाई कानूनले अपराध घोषित गरेको छ र यसो गर्दा दण्ड सजाय पाइन्छ भन्ने विषयवस्तु प्रस्तुत गरिनु पर्छ ।

**घ) थप पाठ्यसामाग्रीका अपेक्षित उपलब्धिहरू :-**

- विद्यार्थीहरूमा जातीय हीनताबोध र उच्चताबोध नभई समाजमा सबै समान हौं भन्ने भावनाको विकास हुनेछ । नयाँ पुस्तामा पेशा परिवर्तन गर्ने प्रवृत्ति घट्नेछ र बेरोजगारी समस्या समाधान हुनेछ । श्रमप्रतिको सम्मान, परम्परागत जातीय मौलिक पेशाको महत्व बढाउने र पेशा आधुनिकीकरणतर्फ सबैको ध्यान मोडिने छ ।
- बालबालिकाहरूमा जातीय आधारमा कसैलाई बढी र कसैलाई कम सम्मान गर्ने प्रचलनमा कमि आउनुका साथै जो सुकै भए पनि सबै छिमेकीलाई बराबर सम्मान गर्नु पर्छ भन्ने भावना विकसित हुनेछ ।

- सार्वजनिक स्थलमा हुने गरेका जातीय भेदभावका घटनाहरूमा कमी-आउने छ। यसका साथै जातीय विभेद कानूनीरुपमा दण्डनीय अपराध हो भन्ने कुराको प्रचारप्रसार हुनेछ।
- दलित समुदायका व्यक्तित्व र वीर-वीराङ्गनाहरूले राष्ट्रप्रति गरेको योगदान देखिनेछ।

विषय :- मेरो वातावरण

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विद्यमान पाठ्यक्रमले प्राथमिक तहका विद्यार्थीलाई विज्ञानका आधारभूत ज्ञान, सीप र प्रक्रिया, वैज्ञानिक अभिवृत्ति सम्बन्धी, एवं प्राकृतिक वातावरणको वारेमा, त्यसको संरक्षण, प्राकृतिक प्रकोपबाट जोगिन सक्ने उपायवारे सामान्य जानकारी प्रदान गर्ने अभिप्राय राखेको देखिन्छ । यसैगरी स्वास्थ्य, शारीरिक शिक्षाबाट विद्यार्थीहरूले शरीरको सरसफाईप्रति सकारात्मक भावना बनाउन, उनीहरको सेरोफेरोको वातावरण स्वच्छ बनाउन र विभिन्न सरुवा रोगवारे ज्ञान हासिल गर्न र दैनिक प्रयोग हुने खाद्य पदार्थको उचित सेवन गर्नेतर्फ जानकारी दिने प्रयास गरिएको छ । यो विषय समयसापेक्ष नै देखिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- खास गरी प्रस्तुत विषयको विद्यमान पाठ्यक्रमले अपनाएको सिकाइका विधिहरूबाट सबै समुदायका विद्यार्थीहरू समान रुपमा लाभान्वित हुन सक्ने गरी पाठ्यक्रम तर्जुमा हुन सकेको छैन ।
- पाठ्यक्रममा राखिएका विषयसामग्रीहरू सबै वर्गसमुदायको प्रतिनिधित्व गर्ने र सबै विषयवस्तुहरूलाई समाहित किसिमले प्रस्तुत गर्नु पर्ने पक्ष पाठ्यक्रममा दुर्वल देखिन्छ ।

**ग) विद्यमान पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तुहरू :-**

- वातावरणमा सजीव र निर्जीवबीचको अन्तरसम्बन्धको व्याख्या गर्दा खान, बस्न र लगाउन तथा अन्य कामका लागि दैनिक जीवनमा प्रयोग गरिने विभिन्न विरुवाहरू चिनेर सूची तयार गर्दा कुनै जाति विशेषले गर्व गर्ने खालको अन्तर सम्बन्धलाई प्राथमिकता दिई व्याख्या गरेर पाठमा राख्ने ।
- 'पोषण तथा खाना' पाठमा आफ्नो घरमा खाने गरेका खानेकुराको नाम विद्यार्थीले बताउँदा हीनताबोध नहुने गरी शब्दावली, वाक्यांश र चित्रहरूको प्रयोगलाई प्रोत्साहित गर्ने ।
- साधारण तथा स्थानिय खेलहरू जातीयताबाट मुक्त गराउने जस्तै :- "डुम खेल" नखेलाउने "जाति विशेषलाई" भन्ने शब्द हटाएर पेशागत समूह उल्लेख गर्ने । "सिनो फालेको अभिनय" हटाई मृतवस्तु फालेको अभिनय भन्ने व्याक्यांश राख्ने ।
- वातावरण प्रदूषण पाठमा आफ्ना वरपर  फोहोर हुनाका कारणको सूची तयार गर्दा जाति विशेषको पेशाबाट सिर्जित फोहोरहरूको पनि सूचीतयार गर्ने ।
- वातावरणीय सरसफाईका पाठमा फोहोरको उचित व्यवस्थापन गर्ने तरिका उल्लेख गरी राख्ने ।
- वातावरणीय सरसफाईको बारेमा व्याख्या विश्लेषण गर्दा यसबाट दलित समुदायलाई पर्न गएको असर जस्तै, दलित समुदायले चर्पीको प्रयोग गर्ने वातावरण नभएको, धारा,

पानीका श्रोत र मुहानमा दलित समुदायको पहु□च पुऱ्याउन सामाजिक अवरोध भएको विषय सकारात्मक ढंगले प्रस्तुत गर्ने ।

- पौष्टिक खानाको कमीले गर्दा अन्य बालबालिका भन्दा दलितका बालबालिका बढी कुपोषणको सिकार हुने गरेको तथ्याङ्क सहित जानकारी समावेश गर्ने ।
- वातावरण प्रदूषणको पाठमा प्रदूषणका विभिन्न श्रोत र कारणहरू वारे ज्ञान दिंदा विशेष पेशाबाट सिर्जित हुने फोहोर पनि एउटै सूचीमा राखी वर्णन गर्ने ।
- फोहोर मैला विसर्जनमा सबै समुदायको समान योगदान हुने विषय प्रस्तुत गर्ने ।
- वातावरणीय सरसफाइ पाठमा फोहोरको उचित व्यवस्थापनको तरिकाका वारेमा जानकारी समावेश गर्ने ।
- फोहोर वस्तुको व्यवस्थापनमा मानवीय भूमिकामा कथित सानो जातिले मात्र सरसफाई गरिदिनु पर्छ भन्ने भावना त्याग्न प्रोत्साहित हुने खालका पाठ्यसामग्री समाहित गर्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- जातका आधारमा कसैलाई बढी र कसैलाई कम सम्मान गर्ने गलत परम्पराको अन्त्य हुनेछ ।
- जातीय विभेद हटी सामाजिक सद्भाव बढ्नेछ ।
- परम्परागत जातीय पेशाप्रति सम्मान र आस्था बढ्ने छ ।
- थप सूची तयार गर्दा बालबालिकाले उत्पादन गरिने फोहोर व्यवस्थामा आफ्नो दायित्व बोध गर्न सक्ने छन् र सरसफाइ कार्यमा जागरुक हुनेछन् ।
- प्राप्त ज्ञानले विद्यार्थीको दैनिक जीवनमा गाँसीएर आउने फोहोर व्यवस्थापन पक्षमा सहयोग पुग्न जानेछ ।
- सरसफाई गर्ने कार्य दलितको मात्र नभइ सबैको दायित्व हो भन्ने कुरा सबै विद्यार्थीले बुझ्न सक्ने छन् ।
- फोहोर वस्तु व्यवस्थापन गर्ने व्यक्तिप्रति सम्मानजनक भावना पैदा हुनेछ ।
- दलित समुदायद्वारा गरिएको फोहोर मैला जस्तै, सिनो फाल्ने, चर्पी, सडक सरसफाई आदि कार्य गर्ने मान्छेको पेशासम्मानित हुनेछ ।

**प्राथमिक तहका पाठ्यक्रमको समष्टिगत मूल्याङ्कन :-**

प्राथमिक तहका ६ अनिवार्य विषयका विद्यमान पाठ्यक्रमहरू विश्लेषणबाट थप गर्न माथि प्रस्तुत गरिएका विषय सामाग्रीहरू पाठ्यक्रमको उद्देश्य अनुरूप उपलब्धिमूलक हुन सकेनसकेको विषय निम्न आधारमा मूल्याङ्कन गर्न उपर्युक्त देखिन्छ ।

- विद्यालय प्रशाशन, व्यवस्थापन र स्थानीय अभिभावकहरूले पाठ्यक्रममा समाहित भएका सामुदायिक परिप्रेक्ष्यका विषयहरू पाठ्यक्रमको भावना अनुरुप कक्षा कोठामा अध्यापन गर्न/गराउन सकेका छन् कि छैनन् भन्ने विषय विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र सम्बन्धित तहका विद्यार्थीहरूसँग भेटवार्ता, कुराकानी, सोधपुछ र आवश्यकता अनुसार कक्षा शिक्षणको अवलोकन गरेर मूल्याङ्कन गर्ने । विद्यालय प्रशासनले र सम्बन्धित विषय पढाउने शिक्षकले उक्त विषयको प्राध्यापन गर्दा रुचिप्रद, उपयुक्त शिक्षण विधि र प्रर्याप्त शैक्षिक सामाग्रीहरूको प्रयोग गरी प्रेरणादायी कक्षा संचालन गर्न सकेका छन् कि छैनन् ? दैनिक वा साप्ताहिक रूपमा नियमित किसिमले मूल्याङ्कन गर्ने । कक्षा शिक्षकले प्राध्यापनकै क्रममा विषयसँग सम्बन्धित शब्द, अर्थ र आफूले भनेको कुरा बुझेका छन् कि छैनन् भन्ने विषयमा सरल प्रश्नहरू सोधी मौखिक मूल्याङ्कन गर्ने । सम्बन्धित पाठ पढाइसकेपछि शिक्षकले विद्यार्थीहरूलाई सहयोगी प्रश्न कर्ताको रूपमा "यो भनेको यसो हैनत ?" भन्ने जस्ता प्रश्न गरी उनीहरूले विषय वस्तु बुझेनबुझेको मूल्याङ्कन गर्ने । छोटा प्रश्नहरू सोधी मौखिक वा लिखित उत्तर लिने । मिश्रित समूह बनाइ समूहगत प्रश्नोत्तर गराउने । गृहकार्य दिई उत्तर पुस्तिकाको आधारमा मूल्याङ्कन गर्ने ।

- परीक्षा प्रणालीद्वारा मूल्याङ्कन गर्ने । यस्तो मूल्याङ्कन गर्दा जुन किसिमको भावना विद्यार्थीमा पैदा गर्न खोजेको हो त्यो भावना अनुरूपको प्रभाव बालबालिकामा पर्‍यो कि परेन भन्ने किसिमका प्रश्नहरू समावेश गरी मूल्याङ्कन गर्ने । जस्तैः- विशे नगर्चीको जीवनी पढ्दा तिमीलाई सबभन्दा राम्रो के लाग्यो भनी प्रश्न सोध्ने । (क) योगदान (ख) संघर्ष (ग) कृति (घ) दिनचर्या (ङ) बाल्यकाल (च) युवावस्था (छ) वृद्धावस्था आदि ।

- छुवाछुत सम्बन्धी विषय वस्तुलाई अध्ययन पश्चात् विद्यार्थीहरूले कुन रूपमा बोध गर्न सके विभिन्न विधिबाट विद्यार्थीहरूको मूल्याङ्कन गर्ने ।
- प्रधानाध्यापकले विषय शिक्षकको कक्षा शिक्षण कार्य अवलोकन र मूल्याङ्कन गर्ने । कक्षा कार्य, गृह कार्य तथा एकाई परीक्षा प्रणाली अपनाएर निर्माणात्मक मूल्याङ्कन प्रकृयाबाट मूल्याङ्कन गर्ने ।
- शिक्षकले मात्र बढी व्याख्या गरेर बुझाउनु भन्दा उदाहरण दिएर विद्यार्थीलाई नै सामन्यीकरण गर्न लगाउने विधि वा आगमन विधिबाट बालबालिकाले गरेको प्रगतिको लेखाजोखा गर्ने ।
- शिक्षकले परिमार्जित पाठ्यक्रमको मर्मअनुसार पढाए पढाएनन्, दलित तथा गैरदलित विद्यार्थीहरूले कसरी बुझे र ग्रहण गरे भन्ने कुराको आवश्यक मूल्याङ्कन गर्ने ।

**प्राथमिक तहका पाठ्यक्रमको समष्टिगत निष्कर्ष र सुझाव :-**

श्री ५ को सरकारले पाठ्यक्रम, पाठ्यपुस्तक एवं शिक्षक निर्देशिकाहरू जतिसुकै राम्रो, व्यवहारिक र समाहित किसिमको बनाए पनि यो सामग्री विद्यालयको कक्षा शिक्षणमा पाठ्यक्रमको मनसाय अनुरुप प्रयुक्त हुन सकेन भने यसले खास उपलब्धि हासिल गर्न सक्तैन । यसको प्रयोग थलो भनेको विद्यालयको कक्षा शिक्षण विधि, शिक्षकको विषय शिक्षणप्रतिको दायित्व बोध र कर्तव्य निष्ठता, विद्यालयको शैक्षिक वातावरण र समसामयिक परिवेश, सरोकारवालहरूको सहयोग र तत्परता, मूल्याङ्कन कर्ताहरूको सामयिक मूल्याङ्कन र पृष्टपोषण, नियमित अनुगमन र मूल्याङ्कन आदि थुप्रै पक्षले पाठ्यक्रमको उपलब्धि आकलन गर्ने हुन्छ । यो कार्यान्वयन पक्ष कमजोर र दायित्वहीन हुन पुगेका पाठ्यक्रमका उपलब्धिहरू निरर्थक प्राय: हुन जान्छन् । अत: समाहित पाठ्यक्रमलाई कार्यान्वयन तहमा उपलब्धि मूलक गति दिन निम्न पक्षहरूमा गम्भीर हुन सुझाव गरिएको छ ।

- शिक्षक-शिक्षिकालाई समाहित किसिमको विषयगत तालिकाको नियमित व्यवस्था गर्ने ।
- एक विद्यालय, एक दलित शिक्षक/शिक्षिकाको व्यवस्था मिलाउने ।
- सामाजिक संघसंस्था, स्थानीय समुदायसँग मिलेर सहकार्यको सिद्धान्तमा परीक्षणको रुपमा पाठ्यक्रम लागू गर्दै जाने ।
- जातीय विभेद नगर्न शिक्षक तथा विद्यालयका कर्मचारीहरूलाई प्रोत्साहन पुरस्कारको व्यवस्था गर्ने ।
- एक विद्यालय एक दलित शिक्षकको नीति बनाइ त्यसलाई क्रमश: लागू गर्दै जानुपर्छ ।
- प्राथमिक तहको पाठ्क्रम शिक्षक र विद्यार्थीहरू खेलेर, रमाइलो गरेर पढ्नेपढाउने खालको वातावरण तयार पार्ने ।
- मूल्याङ्कन प्रणालीलाई सक्षम, प्रभावकारी र उपचारात्मक रुपमा सुदृढ बनाउने ।
- पाठ्यसामग्री रोचक, ज्ञानवर्धक, क्रियाकलापमुखी, सबैवर्ग र समुदायको मर्मिकता झल्काउने बालमनोविज्ञानमा आधारित बनाउने । स्तरीय लेख रचना भएका र सबै पक्षलाई समेट्ने खालका पाठ्यवस्तु समावेश गरी स्थायी र दिगो बनाउने ।
- सामुदायिक पाठ्यसामग्रीलाई विभिन्न खालका विद्यालयस्तरीय, जिल्ला स्तरीय, क्षेत्रीय स्तरमा प्रतियोगिता गराइ प्रोत्साहन बढाउने ।
- दलितवर्गका लेखक साहित्यकारका लेख रचनाहरूलाई प्राथमिकताका साथ पाठ्य सामग्रीमा समावेश गर्ने ।
- शिक्षक शिक्षिकाले दलितका बालबालिकालाई माया ममता दिई विद्यालय आउने वातावरण सिर्जना गर्ने ।
- पाठ्यसामग्रीलाई प्रचार प्रसार तथा सडक नाटक गरी सकारात्मक सहयोगी चेतना अभिवृद्धि गर्ने ।

## २.३. निम्न-माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण

### विषय :- अंग्रेजी

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- अंग्रेजी भाषा सिकाइ-बोलाइको दृष्टिले तयार भएको निम्न-माध्यमिक विद्यालय तहको पाठ्यक्रम राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेरै तयार गरिएको पाइन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- भाषा र साहित्य समाजका दर्पण हुन् । तर, विद्यमान निम्न-माध्यमिक विद्यालय तहको अंग्रेजी विषयको पाठ्यक्रममा समाजमा विद्यमान सामाजिक स्थितिको झलक सामान्य रुपमा पनि देखाइएको छैन । निम्न-माध्यमिक विद्यालय तहका बाल-बालिकालाई भाषिक सिकाइको क्रममा शिल्प, कला, व्यवसाय, सामाजिक भेदभाव र छुवाछुत जस्ता सामाजिक कलंकको वारेमा सामान्य ज्ञान दिन नसक्नु यस पाठ्यक्रमको दुर्वल पक्ष हो ।

**ग) विद्यमान पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलितका शिल्प-कलाको जानकारी, पेशाको महत्व र कलाकार एवं शिल्पकारको कथा जीवनी/दलितका महान् व्यक्तित्वहरूको वारेमा लेख रचनाका साथै दलितका विद्वान्द्वारा रचित लेख रचनाहरू यस तहको अंग्रेजीको पाठ्यक्रममा समावेश गर्ने । यस्ता सामग्रीहरू निम्न-माध्यमिक विद्यालय तहको अंग्रेजी विषयका पाठहरूमा पूर्ण पाठ र अंशिक पाठ र समायोजित पाठ्यांशको रुपमा प्रस्तुत गर्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- थप पाठ्य सामग्रीको अध्ययनबाट बालबालिकामा पेशाप्रति आकर्षण हुनेछ र पेशामा संलग्न दलित वा अन्य समुदायले गर्ने परम्परा हट्दै जानेछ । दलितवारेका लेख रचनाले सम्पूर्ण बालबालिकामा मनोवैज्ञानिक परिवर्तन ल्याउने छ र दलितहरूप्रति समानताको भावना सिर्जना हुनेछ ।

विषय :- नेपाली

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- पाठ्यसामग्रीको रुपमा गठित विषयवस्तु प्रभावकारी छन् ।
- नेपाली विषयका विधागत पाठहरूको गठन प्रक्रिया पूर्ण छन् ।
- अभ्यास क्रियाकलाप प्रभावकारी छन् ।
- पाठको आशय अनुरुप चित्रले रोचकता ल्याएको छ ।
- ज्ञानमूलक, सन्देशमूलक, पाठ्यसामग्री समावेश भएका छन् ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- सबै वर्ग र समुदायलाई समेट्न सकेको छैन ।
- छुवाछुत जस्तो सामाजिक विकृति र विसंगतिका विरुद्ध नयाँ जागृति ल्याउने विषयवस्तु छैनन् ।
- दलितका सीप, कलाको महत्व तथा आवश्यकता र नेपाली कला एवं सँस्कृतिमा यो वर्गको देनको वारेमा नेपाली विषयमा कुनै परिचयसमेत दिन सकिएको छैन ।
- दलित वर्गका महापुरुष, समाजसेवी, विद्वान्, वैज्ञानिक, ऐतिहासिक पुरुष, महिला, गायक, संगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविता, वालगीत, चिठ्ठी आदि यस तहको नेपाली पाठ्यक्रमले पनि समावेश गर्न सकेको छैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

विद्यमान पाठ्यक्रमलाई सामुदायिक एवं जातीय परिप्रेक्ष्यबाट विश्लेषण गर्दा सामुदायिक उत्थान एवं दलित समुदायले समाज लगायत समग्र राष्ट्रलाई दिएको योगदान तथा चिनारीलाई कुनै प्रकारले झल्काउन नसकेको पाइएकोले यस तहको नेपाली पाठ्यक्रमले समाजका हरेक पक्षमा समतामूलक समाजको चाहना अनुरुपका पाठ्यसामग्री Input को रुपमा थप गर्नु पर्ने आवश्यक देखिन्छ ।

- कविता (जातीय समानताको आशय झल्काउने) ।
- कथा (छुवाछुत भेदभाव प्रति घृणा भाव जगाउने) ।
- चिठ्ठी (दलितका छात्र/छात्राले प्रगति गरेको सन्देश व्यक्त गरेको) ।
- जीवनी (दलितका, ऐतिहासिक व्यक्तिले दिएको योगदान वा चिनारीको महिमा झल्काउने) ।
- वादविवाद (दलितवर्गको पक्षमा रहेको) ।
- निबन्ध (दलितवर्गको महिमा एवं प्रशंसा गरेको प्रसंग उल्लेख गरी राख्ने) ।
- समुदायबीच आपसी सहयोग, मिलनशीलता र सहयोगी भावनाका पाठ्यवस्तुहरू ।

घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-

- मानव एकता तथा समानताको भावना सबै विद्यार्थीहरूमा पैदा हुन्छ ।
- छुवाछुत भेदभावको निराकरणमा टेवा पुग्नेछ ।
- चिठ्ठीका सन्देशद्वारा दलितका छात्रछात्राको प्रगतिले अरुलाई प्रेरणा मिल्नेछ ।
- दलितका ऐतिहासिक व्यक्तित्वको योगदानको कदर भई समाजलाई सकारात्मक दृष्टिकोण तर्फ डोऱ्याउन सक्ने छन् ।
- वादविवादका पक्षका वक्ताका तर्कले दलितको सवल पक्षको जानकारी दिनेछ ।
- दलितवर्गको महिमा एवं प्रशंसा गरिएको निबन्धका विधाले यसवर्गको सकारात्मक पक्षको जानकारी प्रस्तुत गर्नेछ ।

विषय :- गणित

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- समूह (Sets), अंकगणित, तथ्याङ्कशास्त्र, बीजगणित र ज्यामितिको ज्ञान गराउन तहगत उद्देश्य पूर्ण छ ।
- प्रश्न र उदाहरणहरू व्यावहारिक, क्रियाकलापमुखी छन् ।
- प्रशस्तै उदाहरणहरू दिन खोजिएको छ, जसले गर्दा शिक्षक र विद्यार्थीलाई सहजता ल्याएको छ ।
- भाषागत मिठास र सरलता पनि छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- अभ्यासका प्रश्नावली निर्माण गर्ने क्रममा दलित परिप्रेक्ष्यका सकारात्मक अंश उल्लेख गर्ने प्रश्नहरू र उदाहरण समावेश भएका छैनन् ।
- पेशागत सीपकला आदिको महत्व झल्काउने खालका गणितीय विषयवस्तुका प्रश्नावली निर्माण हुन सकेको पाइँदैन ।
- सबै वर्ग र समुदायको सहभागिता हुन सक्ने अभ्यासका क्रियाकलाप समावेश भएको पाइँदैन ।
- तथ्याङ्क शास्त्रमा फलफूल, भेडा, बाखा, माछा, अण्डा, हाँस, कुखुरा भन्दा पनि समुदायका मानिसका शैक्षिक, आर्थिक, जन्मदर, मृत्युदर, जनसंख्याजस्ता ज्ञानमूलक तथा खोजमूलक प्रश्नहरू र उदाहरणहरू त्यति पेश हुन सकेका छैनन् ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

विद्यमान पाठ्यक्रमका दुर्वल पक्षलाई केलाउँदा निम्न विषयवस्तु समाहित गर्न आवश्यकछ ।

- सबै जातजातिको सहभागिता जनाउने खालका समूह (Sets) का हिसाव तयार पारी अभ्यासका प्रश्न र उदाहरणमा राख्ने ।
- ऐकिक नियम, नाफानोक्सान, साधारण व्याजका अभ्यासमा विभिन्न वर्ग र समुदायका मानिसले विभिन्न पेशा व्यवसाय (कुखुरा, हाँस, माछा, मौरीपालन, बाखा, बंगुर, भैसी पालन र स-साना उद्योग) संचालन गरी आम्दानी तथा लगानी गरेका प्रश्न र उदाहरणहरू राख्ने ।
- तथ्याङ्क शास्त्रमा विभिन्न वर्ग र समुदायका मानिसले प्रगति गरेका (शिक्षा, आर्थिक क्षेत्रमा) र जन्मदर, मृत्युदर, बसाइसराइ र जनसंख्याका आँकडा दर्शाउने खालका विषयवस्तुका प्रश्नावली निर्माण गरी समावेश गर्ने ।

घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-

- समूह (Sets) हिसावमा दलितको सहभागिता भै दलित समुदायका विद्यार्थीलाई आफ्नो वर्गको उपस्थिति भएका प्रश्नहरूले आत्मासम्मान बढेको महशुस गर्नेछन् ।
- दलित समुदायका व्यक्तिले उद्यम गरी आयआर्जन गरेका गणितीय विषयवस्तुका प्रश्नावलीले विद्यार्थीहरूको भावना उनीहरूप्रति सकारात्मक उत्साह बढाउनेछ ।
- दलित समुदायबाट भएको प्रगतिलाई गणितीय आँकडा, ग्राफ तथा चार्टमा समावेश गर्दा विद्यार्थीले विषयवस्तु सहजै बुझ्न सक्छन् ।

विषय :- विज्ञान

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विद्यमान निम्न-माध्यमिक विद्यालय तहको विज्ञान विषयको पाठ्यक्रमले विज्ञानको अध्यापनको चित्र, विषय-वस्तु र अभ्यासको दृष्टिबाट सवल मान्नु पर्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- शिल्प, कला, वैज्ञानिक, कृषि औजार पनि विज्ञान कै एक अंग मानिएकाले वर्तमान पाठ्यक्रममा दलितले गर्दै आएका यी परम्परागत वैज्ञानिक पेशाहरूको वारेमा नराखिनुलाई दुर्वल पक्ष मान्न सकिन्छ ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलितका पेशाका वैज्ञानिक पक्षहरू, धातुको सामान्य जानकारी, धातुमा हुने मिसावटको वैज्ञानिक जानकारी सम्बन्धी विषयवस्तु पाठ्यक्रममा राखेर सोको समुचित ज्ञान दिनु पर्छ । यसबाट भावी जीवनको आधार तयार हुन्छ ।
- सबै किसिमका धातुहरूको उत्पत्ति, विकासक्रममा दलितको भूमिका स्पष्ट पार्ने विषयहरू पाठ्यक्रममा भिन्दै पाठ र मिश्रित पाठको रुपमा राख्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- जातीय पेशालाई वैज्ञानिक बनाउने प्रेरणा प्राप्त हुन्छ ।
- धातुको महत्ववारेमा जानकारी हुन्छ ।
- धातुको मिसावट र शुद्धताको वारेमा ज्ञान हुन्छ ।

विषय :- सामाजिक शिक्षा

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- सामाजिक मूल्य र मान्यताप्रति आस्था जगाई सहयोगात्मक जिम्मेवारी पूर्ण आचरणको विकास गर्न खोजिएको छ । यस अर्थमा विद्यमान पाठ्यक्रम सवलै छ भन्न सकिन्छ ।

**ख) विद्यमान पाठ्यक्रममा दुर्वल पक्षहरू :-**

- दलित समुदायले जातीय आधारमा परम्परागत रुपमा गर्दै आएको मौलिक पेशाहरू तथा श्रमको सम्मान गर्ने र पेशाको आधारमा विभेद नगर्ने नागरिक तयार गर्ने उद्देश्यलाई पाठ्यक्रमले निर्देशित र नियन्त्रित गर्न सकेको पाइँदैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- जाति, लिङ्ग र पेशाको आधारमा भेदभाव गर्न हुँदैन र गरेमा कानूनी कारबाही हुन्छ भन्ने जानकारी दिने खालका विषयवस्तु समावेश गरिनु पर्छ ।
- गलत तथा विभेदकारी धार्मिक परम्पराको उपयोग नगर्न र त्यस्ता अमानवीय, विभेदकारी तथा परपीडक संस्कृति, धर्म र चाडपर्वको विरुद्ध जुध्नका लागि आत्म बलको विकास गर्ने खालका विषयवस्तु समावेश गरिनु पर्छ ।
- नेपालमा किराँतकालमा जातीय विभेद नभएको, लिच्छविकालमा भारतबाट प्रवेश गरेको, मध्यकालमा यसलाई राज्यद्वारा कानुन बनाएर लादिएको, शाहवंशीय राजाहरूका पालामा विस्तार गरिएको र जंग बहादुरको पालामा मुलुकी ऐनमा राखी गलत कानूनी व्यवस्थाको शुरुआत गरेको ऐतिहासिक तथ्यको उजागर गर्ने विषयवस्तु समावेश गरिनु पर्छ ।
- दलितहरूको परम्परागत पेशाले नेपालको आर्थिक उत्थानमा दिएको योगदान, यसको सम्मान र आधुनिकीकरणको सवाल तथा जातीय विभेदले नेपालको उद्योग, व्यापार र व्यवसायमा पारेको नकारात्मक असर बारे जानकारी दिने विषयवस्तु समावेश गरिनु पर्छ ।
- सामान्य नेपाली कानून र मानव अधिकारको बारेमा जानकारी दिनु पर्छ ।

**घ) थप पाठ्यसामाग्रीका अपेक्षित उपलब्धिहरू :-**

- जातीय विभेद हुने समाज अन्य कुराबाट सम्पन्न भए पनि आदर्श समाज हुनै सक्दैन । त्यसैले भेदभाव रहित समाज नै आदर्श समाजको प्रमुख पाटो हो भन्ने तथ्यलाई छुटाउनु हुँदैन । यसले आदर्श समाज निर्माणमा टेवा पुग्ने छ । जात र पेशाका आधारमा भेदभाव नगर्ने सवालमा यस्तो भेदभाव कानूनी रुपमा नै अपराध हो र सजाय हुन्छ भन्ने कुराको जानकारी हुनेछ । त्यसै गरी गलत धार्मिक परम्पराको उपयोग पनि अपराध हो भन्ने कुराको प्रचार हुनेछ ।
- किराँतकाल र लिच्छिविकालका कुरा गर्दा किराँतकालमा जातीय विभेद थिएन र लिच्छविकालदेखि शुरू भएको थियो भन्ने ऐतिहासिक तथ्यको जानकारी हुनेछ ।

- दलित समुदायका परम्परागत पेशाले नेपाली अर्थतन्त्रमा पारेको महत्वपूर्ण योगदानको मूल्याङ्कन हुनेछ र जातीय मौलिक पेशाप्रति सम्मान बढ्नेछ । त्यसैगरी जातीय विभेदका कारण नेपालको औद्योगीकरण र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको तथ्य समेत सबैले थाहा पाउने छन् ।
- नेपालको इतिहासमा कुन-कुन राजा तथा राणा प्रधानमन्त्रीका पालामा जातीय विभेद सम्बन्धी व्यवस्थाको निर्माण भयो भन्नेबारे जानकारी हुनेछ । तर, यसको सकारात्मक र नकारात्मक दुवै पक्ष स्पष्ट पारिनु जरुरी हुन्छ ।
- सामान्य नेपाली राष्ट्रिय कानून र मानव अधिकारको सम्बन्धमा थाहा हुने छ र विधार्थीहरू आफ्नो हक अधिकारप्रति सचेत रहनेछन् । विभेदकारी गलत मूल्य मान्यता मान्ने प्रचलन घट्दै जाने छ ।

विषय :- स्वास्थ्य, जनसंख्या तथा वातावरण

## क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-

- विशेष गरी स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका पाठ्यक्रमका सवल पक्ष भनेको देशको परिवेश हेरी व्यवहारिक र सरल किसिमले तयार पारिएको छ । त्यसको अलावा विषयवस्तु छनौट वैज्ञानिक किसिमले तयार गरेको छ । यसले विद्यार्थीहरूले दैनिक जीवनका व्यवहारिक पक्षको ज्ञान सरल सहज रुपमा पाउन सक्नेछन् ।

## ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-

- सर्वप्रथमत यो विषयका पाठ्यक्रमहरू दलित परिप्रेक्षबाट आउन सकेको छैन । २०५८ सालसम्म परिमार्जित संस्करण भएता पनि यी सबै कुरा आउन सकेको छैन । अर्को पक्ष भनेको दलित परिप्रेक्षबाट समय सापेक्ष विषयवस्तु आउन सकेन । यी विषय भनेको हाम्रा दैनिक जीवनका अति आवश्यक व्यवहारिक पक्ष भएकोले उद्देश्य दलित सवलमा Specific हुनु सकेको छैन । दोश्रो दुर्लव पक्ष भने २०५८ साल पछि परिमार्जित हुन सकेन र नेपालको जनसंख्या वनोटको वर्णन गर्दा २०४८ सालको जनगणनालाई आधार मानिएको छ । आय आर्जनको चित्र मार्फत् देखाउँदा ठूलो हिस्सा ओगटेको र राष्ट्रलाई पुऱ्याएको योगदान र दलितको पेशाको वारेमा कहिकतै उल्लेख भएको पाइँदैन ।

## ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-

- दलित सीप र कलाका धनी भन्ने पाठ राख्ने ।
- सांस्कृतिक सम्पदाको अर्थ र महत्व तथा सांस्कृतिक सम्पदाको विगत र वर्तमान स्थितिको तुलनात्मक वर्णन र तिनको सामाजिक विकास र प्रभावबारे पाठ राख्ने । यसमा दलित जातिले खेप्नु पर्ने अपहेलनालाई नकारात्मक संस्कृतिका रुपमा चित्रण गर्ने ।
- दलित समुदाय सँग सम्बन्धित सांस्कृतिक सम्पदाकोबारेमा पनि उल्लेख गर्ने । कृयाकलापमा दलित समुदायको विगत वर्तमान भन्ने र शैक्षिक सामाग्री Column को प्रयोगमा जस्तै "बाजागाजा चित्रहरू" सकारात्मक ढंगबाट प्रस्तुत गर्ने ।
- नेपालको जनसंख्याको वर्णन गर्दा दलित समुदायको जनसंख्या बनोटको उदाहरण दिने ।
- सामाजिक र संस्कृतिक वातावरणीय पक्षमा दलितको पनि वर्णन गर्ने ।
- सांस्कृतिक सम्पदामा दलित समुदायको पनि समान पहुँच हुनु पर्छ भनी वर्णन गर्ने ।
- बसाइँ-सराईका कारणहरू सूचीबद्ध गरी व्याख्या गर्दा जाति विभेद पनि राख्नु पर्छ ।
- समाज, परम्परा, धर्म आदि पक्षको वर्णन गर्दा समाजमा भएका जातीय छुवाछुत जस्ता गलत परम्परा हो भन्ने खालका विषयवस्तु समावेश गर्ने ।
- आयमूलक कार्यहरूको चित्र देखाउन दलित जातिसँग सम्बन्धित चित्र पनि हुनु पर्ने । तर तिनको व्याख्यामा सकारात्मक धारणा हुनु पर्ने.

- जनसंख्या परिवर्तन र वातावरण ह्रासका कारण जस्तै, बसाइँ-सराई, सामाजिक तथा धार्मिक मूल्य र मान्यताबारे बताउँदा अपनाउने शैक्षिक सामग्रीहरूमा चित्रहरूको प्रयोग गर्दा समानता र सकारात्मक सोच राखेका चित्रहरू मात्र प्रयोगमा ल्याउने/साथै बसाइँ-सराईका कारण पनि जातीय विभेद भएको कुरा उल्लेख गर्ने ।
- वातावरणीय स्वास्थ्यमा प्रभाव पार्ने पक्षहरू तथा खानेपानीको मुहान संरक्षण तथा त्यसमा सबै (जस्तै-दलित) वर्गको समान पहुँच तथा दायित्वलाई प्रकाश पार्ने ।
- घर, आँगनको फोहोर मैला तथा चर्पिको प्रयोगमा सम्पूर्ण गाउँ/टोल बासीकै दायित्व हो भन्ने वारे ज्ञान दिने ।

घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-

- दलित समुदायको जनसंख्या कति छ भन्ने बारेमा जानकारी हुन्छ ।
- समाजमा सबै जातिको स्थान र महत्व बराबरी छ भन्ने बारेमा पहिचान  हुन
- राष्ट्रका सांस्कृतिक सम्पदाहरूमा दलित समुदायको योगदानको कदरका साथै धार्मिक स्थलमा अन्य वर्ग सरह समान पहुँच हुन प्रेरणा प्राप्त हुन्छ ।
- बसाइँ-सराईका कारणहरू मध्ये जातीय छुवाछुत पनि प्रमुख कारक रहेछ भन्ने कुराको पहिचान हुन्छ
- जातीय छुवाछुत मानव समाजको कलंक हो । यो गलत परम्परालाई हटाउनु पर्छ भन्ने भावनाको विकास हुन्छ ।
- परम्परागत जातीय आय मूलक कार्य जस्तैः- कपडा सिलाउने, गहना बनाउने आदिलाई समावेश गर्दा सीपको इज्जत दिनु पर्ने बोध हुन्छ ।
- समानताका चित्रहरूको प्रयोग र जातीय विभेदका कारण बसाइँ-सराई हुने कुराको ज्ञान दिंदा ८ कक्षामा अध्ययनरत विद्यार्थीहरूमा समतामूलक समाज निर्माण गर्ने र बसाइँ सराईको प्रवृत्ति रोक्ने भावना पैदा हुन्छ ।
- पानीको मुहानमा गरिने छुवाछुतको व्यवहारलाई कम गर्न सकिने छ । साथै समुदायमा बसिसकेपछि कुनै एक वर्गको स्वास्थ्य समस्या अर्को वर्गको पनि हुन जाने भएकोले सामाजिक दायित्व वढ्न जानेछ ।
- बुँदा १ मा भने जस्तै, सरसफाईमा सबैको समान चासोको विषय कायम हुनेछ । खास जाति विशेषले मात्र फोहोर गर्दछन् भन्ने भावनामा कमी ल्याउन मद्दत मिल्ने छ ।

**निम्न-माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत मूल्याङ्कन :-**

- शिक्षकहरूले पाठ्यक्रमको भावना अनुरुप पढाएको नपढाएको अनुगमन तथा मूल्याङ्कन गर्ने साथै दलित गैर-दलित विद्यार्थीहरूको वीचमा भावनात्मक एवं मनोवैज्ञानिक एकता भए नभएको मूल्याङ्कन गर्नु पर्छ ।
- निम्न-माध्यमिक विद्यालय तहका विद्यार्थीहरूले लामा उत्तर दिनुका साथै छोटा वस्तुगत प्रश्नको लिखित उत्तर र मौखिक प्रश्नको उत्तर दिन सक्ने भएकोले प्रश्नहरू तयार पार्दा सामाजिक रहन सहनमा (खास गरेर दलित समुदायको वा सो प्रतिको धारणमा) वातावरण तथा स्वास्थ्य शारीरिक शिक्षाको असर बुझाउने खालका प्रश्नहरूको पनि छनौट गरिनु पर्दछ ।
- दलित परिप्रेक्ष्यबाट थप विषयवस्तु उपर बालबालिकालाई कस्तो प्रभाव पर्न गयो, सिकाइ कुन रुपले भयो ? शिक्षकबाट प्रेरणादायी प्रभावकारी शिक्षणकार्य भयो/भएन र समाजिक परिवेश जस्ता विषयवस्तुले कस्तो स्थान लिए भन्ने सन्दर्भमा मूल्याङ्कन गर्नु पर्दछ ।
- कक्षा शिक्षणकार्यसँग सँगै शिक्षकले सामूहिक वा व्यक्तिगत रुपमा बालबालिकालाई मौखिक वा लिखित प्रश्न गर्ने, सामूहिक छलफल प्रक्रिया अपनाउने ।
- कक्षाकार्य, गृहकार्य, एकाई परीक्षा र त्रैमासिक परीक्षा प्रणाली अपनाइ सृजनात्मक तथा निर्माणात्मक मूल्याङ्कनलाई बढी से बढी जोड दिनु पर्छ ।
- शिक्षकले मात्र बढी व्याख्या गरेर बुझाउन खोज्नु भन्दा उदाहरण दिएर विद्यार्थीलाई नै सामान्यीकरण गर्न लगाउने विधि वा आगमन विधिबाट बालबालिकाले गरेको प्रगतिको मूल्याङ्कन गर्ने ।
- बालबालिकाले तमाम गल्ति एवं त्रृटि गर्न सक्छन्; गृहकार्य गरेको कापी अनिवार्य रुपमा जाँच्ने र सुझाव दिने गर्नु पर्छ ।
- वार्षिक परीक्षा प्रणाली अनुसार प्रश्न उत्तरद्वारा मूल्याङ्कन गर्ने ।
- धातुको रंग, वजन र विशेषता सम्बन्धी मौखिक, लिखित प्रश्न गर्ने ।
- सीप, कला सम्बन्धी प्रश्न गर्ने ।
- दलित विद्यार्थीहरूले कसरी बुझे र ग्रहण गरे तथा गैर दलित विद्यार्थीहरूले कसरी बुझे र ग्रहण गरे भन्ने वारे मूल्याङ्कन गर्नुपर्छ । त्यसका लागि सरल प्रश्नहरू सोध्न सकिन्छ । जस्तै–जातीय विभेद उचित छ कि छैन ? आदि । त्यसै गरी संगै खाजा खान लगाएर पनि मूल्याङ्कन गर्न सकिन्छ । नियमित परीक्षामा पनि जातीय विभेदसंग सम्बन्धित प्रश्न सोधेर मूल्याङ्कन गर्नुपर्छ ।

**निम्न-माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत निष्कर्ष र सुझाव :-**

निम्न-माध्यमिक विद्यालय तहको पाठ्यक्रममा सबै क्षेत्रलाई समेट्ने प्रयास गर्दा गर्दै पनि समुदाय समाहिकरण हुन सकेको पाइँदैन । जस्तै, दलित महिला, जनजाति आदिको परिप्रेक्षबाट पाठ्यक्रममा स्पष्टता देखिएको छैन । विभिन्न अध्ययन र अनुभवले देखाए अनुसार विशेष गरी दलित समुदायका विद्यार्थी त्यसमा पनि दलित समुदायका छात्राहरू निम्न-माध्यमिक विद्यालय तहमा पुगेर पछि विद्यालय छोड्ने गरेको पाइन्छ । यसरी विद्यालय छोड्नुमा गरिवी, सामाजिक

विभेद नै प्रमुख रहेको छ । विद्यार्थीलाई निरुत्साहित गर्ने कार्य भैरहेको छ । स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षामा दलित समुदायकै पहुँच हुन सकेको छैन । यी कुराहरूलाई मध्यनजर गरी बढी से बढी सबै क्षेत्रको विद्यार्थीलाई विद्यालयमा पढ्ने वातावरण सृजना गरी सरल तरिकाले व्यवहारिक ज्ञानको आर्जन गरी समाज परिवर्तन गर्ने गराउनु पर्छ । यसको लागि शिक्षण विधिमा अन्तक्रियात्मक तथा प्रयोगात्मक विधिको प्रर्याप्त मात्रमा प्रयोग भएको हालको विद्यमान पाठ्यक्रमले प्रष्ट गर्न सकेको छैन । विभेदको चर्को मारमा परेका विद्यार्थीहरूको यस्ता विधिहरूमा हीनताबोधका कारणले सहभागी नहुन सक्छन् । त्यस्ता विद्यार्थीलाई प्रोत्साहन गरी अर्न्तक्रियात्मक तथा प्रयोगात्मक विधिमा सक्रिय रुपमा सहभागी गराउनु पर्छ । यसका लागि शिक्षक शिक्षिकाको व्यवहार समान र भेद रहित हुनु पर्दछ । खासगरी निम्न-माध्यमिक विद्यालय तहको अध्ययन कार्यलाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ–

- दलित परिप्रेक्ष्यका पाठ्यसामग्रीलाई विद्यालय स्तरीय, जिल्ला र क्षेत्रीय स्तरमा प्रतियोगितात्मक कार्यक्रम संचालन गरी प्रोत्साहित गर्न, सकारात्मक प्रभाव पार्न जोड दिने व्यवस्था मिलाउने .
- दलितवर्गका लेखक साहित्यकारका लेख, रचनालाई निम्न-माध्यमिक तहको पाठ्यक्रममा विस्तृत रुपमा समावेश गर्ने ।
- विद्यालयमा दलितका बालबालिकाको संख्या बढाउने कार्यलाई टेवा पुऱ्याउने खालको नीति तय गर्ने ।
- दलित वर्गका शिक्षक दरबन्दी थप गरी यसवर्गलाई शिक्षा क्षेत्रमा अग्रसरता कायम गराउने ।
- समहित पाठ्यसामग्रीलाई रेडियो, पत्रपत्रिका, टी.भि र सडक नाटक आदि माध्यमबाट प्रदर्शन एवं प्रचारप्रसार गरी जनचेतना जगाउने ।
- खास किसिमका विषयवस्तु पढाउन खास किसिमको तालिम प्रशिक्षणको व्यवस्था मिलाउने ।
- निम्न-माध्यमिक तहको अध्ययनमा विद्यार्थीको त्यस विषयप्रति रुची जगाउन सकिएमा पछिसम्म त्यस्ता विषय क्षेत्रमा विद्यार्थीको सकारात्मक भावना पैदा हुने हुँदा यसतर्फ पाठ्यसामग्रीहरूलाई रोचक, जानकारी मूलक र तथ्यपरक रुपमा तर्जुमा गर्ने ।

## २.४. माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण

### विषय :- अंग्रेजी

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- माध्यमिक तहको अंग्रेजी विषयमा छोटा-छोटा पाठ राखिएको र पढ्ने, लेख्ने र सुन्ने सीपको विकासद्वारा भाषा सिकाइने र विषयवस्तुको जानकारी दिने अभ्यासहरू राखिएका छन् । यसलाई भाषा सिकाइको दृष्टिले विद्यमान पाठ्यक्रमको सवल पक्ष मान्न सकिन्छ । साथै व्याकरण सम्बन्धी अभ्यासबाट भाषिक शुद्धतामा जोड दिइएकोलाई पनि सवल पक्ष मान्न सकिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुवर्ल पक्षहरू :-**

- माध्यमिक तहको पाठ्यक्रमको विषयवस्तुलाई दुर्वलताको दृष्टिले केलाउँदा यसमा समावेश गरिएका सामग्रीहरू अत्यन्त छोटा देखिन्छन् । अंग्रेजी भाषाका पाठ्यक्रममा भाषा सिकाइको दृष्टिले मात्र तयार गरिएको पाइन्छ । अंग्रेजी साहित्यको दृष्टिले पाठ्यक्रम अत्यन्त कमजोर रहेको देखिन्छ । माध्यमिक तहको पाठ्यक्रम पढेका छात्र-छात्रा व्यवहारिक जीवनमा समेत जानु पर्ने हुँदा साहित्यको माध्यमबाट समाजका कटु अनुभवहरूको जानकारी गराउन वर्तमान पाठ्यक्रम दुर्वल रहेको छ । साथै दलित परिप्रेक्ष्यको सम्बन्धमा पाठ्यक्रम उदासीन रहेको पाइन्छ ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलितको मानव अधिकार हनन् सम्बन्धी विषयवस्तुहरू उपचारात्मक रुपमा स्पष्टसँग पाठ्यसामग्रीमा समावेश गर्ने ।
- प्रेरक दलित व्यक्तित्वहरूको जीवनीलाई कथा, निबन्ध र कविताका रुपमा प्रस्तुत गर्ने ।
- छुवाछुत र जातीय विभेद शिक्षालाई नैतिक बन्धनमा राख्ने खालको जानकारी समावेश गर्ने ।

**घ) थप पाठ्यक्रमका अपेक्षित उपलब्धिहरू :-**

- जातीय समानता र भातृत्वभावनाको विकास हुनेछ ।
- सामाजिक एकतामा सकारात्मक प्रभाव पर्नेछ ।
- भावनात्मक परिवर्तन र आदर्श समाजको विकास हुनेछ ।

विषय :- नेपाली

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विधागत पाठ्यसामग्री ज्ञान वर्धक एवं रोचक छन् ।
- अभ्यासका क्रियाकलापहरू प्रभावकारी छन् ।
- साहित्यकार तथा महापुरुषहरूका जीवनी प्रेरणादायी छन् ।
- कथा, कविता, जीवनी, निबन्ध, चिट्ठी जस्ता सबै विधा समाविष्ट भएका छन् ।
- पाठको आशय झल्काउने चित्रहरूले रोचकता थपेका छन् ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- सबै वर्ग र समुदायलाई समेट्न सकेको पाइँदैन ।
- छुवाछुत जस्तो सामाजिक विकृति र विसंगतिका विरुद्ध नयाँ जागृति ल्याउने थप पाठ्यसामग्री छैन ।
- दलितका सीप, कलाको महत्व तथा आवश्यकता र नेपाली कला एवं साँस्कृतिमा यो वर्गको देनको वारेमा नेपाली विषयमा कुनै परिचयसमेत दिन सकेको देखिँदैन ।
- दलित वर्गका महापुरुष, समाजसेवी, विद्वान्, वैज्ञानिक, ऐतिहासिक पुरुष, महिला, गायक, संगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविता, वालगीत, चिट्ठी आदि यस तहको नेपाली पाठ्यक्रममा पनि समावेश गर्न सकिएकोछैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

यस तलको पाठ्यक्रममा निम्न पाठ्यसामग्रीहरू विधागत रुपमा दलित परिप्रेक्ष्यबाट समावेश गर्नु आवश्यक देखिन्छ ।
- कविता (जातीय समानताको सन्देश दिने) ।
- निबन्ध (मानव समानताजस्ता शीर्षकमा) ।
- जीवनी (दलितका ऐतिहासिक व्यक्तिको पूर्ण अंश र योगदानको चर्चा गरेका) ।
- चिट्ठी (सबै मानिस एकै हुन भन्ने सन्देश दिन सक्ने) ।
- कथा (छुवाछुत भेदभाव परित्याग गर्न सन्देश मूलक) ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- जातीय समानताका सन्देशमूलक पाठहरूको यस्तो संस्कार प्रति विद्यार्थीहरूमा घृणा भाव पैदा भई विश्व मानवजातिभित्रको सहकार्य र सह-अस्तित्वको भाव पैदा भई सामाजिक एकताको भावना सुदृढ हुन सक्छ ।
- अन्य समुदायका विद्यार्थीले पनि नयाँ विषयवस्तुको जानकारी पाउने हुँदा उनीहरूमा पनि सामुदायिक व्यावसाय, सीप, कला र साहित्यमा रुची पैदा हुन जान्छ ।

- दलित समुदायका ऐतिहासिक व्यक्तिका जीवनी समावेश गरी पठन पाठन गराउँदा यस समुदायका विद्यार्थीहरूमा आत्मासम्मान बढ्ने हुन्छ ।
- सबै मानिस एकै हुन् भन्ने चिठ्ठीका सन्देशले विद्यार्थीहरूमा भाईचाराको सम्बन्ध स्थापित भई माया, ममता र आदरसम्मानको भावना जाग्नेछ ।
- दलित समुदायको मानसम्मान र प्रशंसा गरिएका पाठ्यसामग्री थप गर्नाले यसवर्गलाई होच्याउने दृष्टि हट्दै जानेछ र अन्य समुदाय सरह समाजमा सहभागिता बढ्ने छ ।

विषय :- गणित

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- गणितीय ज्ञान दिन अंकगणित, बीजगणित र ज्यामितिका दृष्टिले अलग अलग विभाजन गर्न खोजेको छ ।
- हिसावका प्रश्नहरू र उदाहरणहरू व्यावहारिक र क्रियाकलापमुखी छन् ।
- यथेष्ट मात्रामा उदाहरणहरू समावेश भएका छन् ।
- भाषा सरल एवं सान्दर्भिक छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- विद्यमान पाठ्यक्रममा सबै जातजातिका पेशा व्यावसायसँग सम्बन्धित शब्द र वाक्य गठन गरिएको प्रश्न र उदाहरण देखाउन सकिएको छैन ।
- विभिन्न जातजातिहरूले आम्दानी, लगानी गरेका सकारात्मक प्रभाव पार्ने खालका प्रश्नहरू निर्माण भएका पाइँदैनन् ।
- पेशागत सीपमा आधारित प्रशस्त शब्दहरू समावेश भएका छैनन् ।
- तथ्याङ्कशास्त्रमा दलितका आँकडा झल्काउने प्रश्न र उदाहरण उल्लेख भएको पाइँदैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- समूह (Sets)का अभ्यासका प्रश्नावली निर्माण गर्दा दलितका नामथर, पेशागत सीपमा आधारित, दलितले गरेका प्रगतिका कार्यहरू समावेश गराउने ।
- ऐकिक नियम, नाफा नोक्सान, प्रतिशत, साधारण व्याजका अभ्यासका प्रश्न र उदाहरणहरूमा दलितले विभिन्न पेशा व्यावसाय (बाख्रापालन, हाँस, कुखुरा, मौरीपालन, भैसीपालन र स-साना उद्योग) संचालन गरी आम्दानी गरेका विषय सन्दर्भ राख्ने ।
- तथ्याङ्कशास्त्रमा दलितले प्रगति गरेका शैक्षिक, आर्थिक रुपमा आगामी निश्चित अवधिमा प्रगतिको सिमारेखा अनुमानित यति बढ्ने जस्ता probability का तथ्याङ्क देखाउन सकिने खालका प्रश्न र उदाहरण समावेश गर्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- समूह (Sets) का हिसावमा दलितको पनि सहभागिता जनाइदा यसवर्ग विद्यार्थीहरूमा आत्मा सम्मानका भावना रहनेछ ।
- दलितले पनि विभिन्न पेशा व्यवसाय गरी आम्दानी लगानी गरेका सकारात्मक प्रभाव पार्ने प्रश्नहरूले दलितप्रति विद्यार्थीहरूको असल भावना जागरण हुँदै जानेछ ।
- तथ्याङ्कशास्त्रमा अन्यसमुदायसँग दलितका विभिन्न अवस्थाको तुलना गरिएका आँकडाहरूले गणितीय हिसावहरूमा दलितको प्रगति विवारण देखा पर्ने छ ।

विषय :- विज्ञान

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विज्ञानको पाठ्यक्रमलाई भौतिक जीव विज्ञान, अन्तरिक्ष तथा भू-गर्वविज्ञान तथा रासायनिक विज्ञानमा विभाजित गरी विभिन्न भौतिक जीव तथा रसायनिक वस्तुहरूको वैज्ञानिक पक्षहरूको संक्षिप्त पूर्ण अध्ययन विद्यमान पाठ्यक्रमका सवलपक्षहरू मानिन्छन् ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- दैनिक जीवनमा प्रत्यक्ष प्रयोग हुने धातु र मूल्यवान धातुसम्बन्धी अध्ययन विज्ञानमा नहुनु दुर्वल पक्ष मानिएको छ । दलित परिप्रेक्ष्यमा विचार गर्दा दलित वर्गको पेशासँग सम्बन्धित धातु, छाला आदिको वारेमा वैज्ञानिक अध्ययन प्रस्तुत भएको पाठ्यक्रममा देखिँदैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- मूल्यवान धातुको विश्लेषण, पहिचान, प्रयोग र उपयोगिता सम्बन्धी विषयवस्तु राख्ने
- मिश्रित धातुको निर्माण सम्बन्धी रोचक जानकारी राख्ने ।
- धातुको मिसावट पृथकीकरण विधिको वारेमा उल्लेख गरी राख्ने ।
- छालाको पहिचान र प्रशोधन विधि समावेश गर्ने ।

**घ) थप पाठ्यक्रमका अपेक्षित उपलब्धिहरू :-**

- धातुको विशेषता पहिचान र प्रयोगको ज्ञान हुन्छ । छाला पहिचान र प्रशोधनको ज्ञान हुन्छ ।
- मिश्रित धातु निर्माणको विधिका वारेमा जानकारी हुनेछ ।
- धातुको मिसावट पृथक् गर्ने विधिबाट शुद्ध धातुको प्राप्ति हुन्छ र दैनिक जीवनमा धातुको खरीद-बिक्री विषयमा जानकारी हुन्छ ।

विषय :- सामाजिक शिक्षा

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :–**

– प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकरात्मक प्रवृत्ति भएका स्वस्थ र स्वावलम्बी नागरिक तयार गर्ने तर्फ पाठ्यक्रम उन्मुख भएको देखिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :–**

- जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त बैज्ञानिक रुपले गलत, नैतिक रुपले निन्दनीय, सामाजिक रुपले अन्यायपूर्ण तथा आपत्तिजनक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय विभेदको कुनै उचित कारण नभएको ज्ञान दिने विषय समावेश हुन नसकेको ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- नेपाल-अंग्रेज युद्धका वेला दलित समुदायका नेपाली वीर तथा शहीद बांगे सार्की र त्यस्तै अरुको योगदानका वारे जानकारी दिने विषयवस्तु समावेश गरिनु पर्ने ।
- विद्यार्थीहरूलाई सामान्य नेपाली कानून र मानव अधिकारको वारेमा जानकारी दिने विषयवस्तु समावेश गरिनु पर्ने ।
- जातपात तथा छुवाछुत प्रथाको उत्पत्ति, विकास र यसबाट सिर्जित समस्याको समाधान गर्न प्रेरणा प्रदान गर्ने विषयवस्तु समावेश गरिनु पर्ने ।
- दलित समुदायका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको जीवनी समावेश गरिनु पर्ने ।
– त्यसैगरी विभिन्न समयको प्रजातान्त्रिक आन्दोलनमा दलित समुदायको योगदानको विषयवस्तु समावेश गरिनु पर्ने ।

**घ) थप पाठ्यसामाग्रीका अपेक्षित उपलब्धिहरू :-**

- दलित व्यक्तित्वहरूको जीवनी र उनीहरूले राष्ट्र र राष्ट्रियताका निम्ति गरेका बलिदानका कथाले दलित बालबालिकामा उत्प्रेरणा र उत्साह बढ्नुका साथै गैर दलितमा पनि यो समुदायप्रति सद्भाव र सम्मान बढ्नेछ ।
- विद्यार्थीहरूले नेपाली कानून र मानव अधिकारको बारेमा ज्ञान हासिल गरी आफ्नो हक अधिकार प्राप्त गर्न सचेत र सक्षम हुनेछन् ।
- दलित समुदायका राष्ट्रिय व्यक्तित्वको परिचय दिदाँ यो समुदायमा आत्मसम्मान बढ्नुका साथै यस समुदायको राष्ट्रिय व्यक्तित्वहरूका वारेमा अरुलाई जानकारी हुनेछ ।

- त्यसैगरी राणाकालमा बनेका सामाजिक तथा जातीय विभेदकारी कानून र गतिविधिको जानकारी गराउदा विद्यार्थी तथा शिक्षकहरूमा जातीय विभेदको ऐतिहासिक विकास क्रम बारे ज्ञान बढ्नेछ ।
- प्रजातान्त्रिक आन्दोलनमा दलित समुदायको भूमिकाको उल्लेखले यो समुदायको नेपाली प्रजातान्त्रिक आन्दोलन सँगको संलग्नता अरुलाई पनि ज्ञान हुनेछ ।

## विषय :- स्वास्थ्य, जनसंख्या र वातावरण

क) विद्यमान पाठयक्रमका सवल पक्षहरू :-

- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनको शिफारीस अनुसार स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षालाई एकिकृत रुपमा एउटै पाठ्यक्रममा राखिनु नै यस पाठ्यक्रमको सबैभन्दा सवल पक्ष हो । पाठ्यक्रमले समावेश गरेका क्षेत्रहरू र तिनका परिधिहरूलाई हेर्दा पाठ्यक्रमले निर्देशित गरेका पाठ्यसामग्रीहरू अतिआवश्यक देखिन्छन् र तिनको पठन-पाठनका कारण विद्यार्थीहरूमा राष्ट्रिय आवश्यकता तथा सामाजिक मूल्य र मान्यताप्रति सकारात्मक समझदारी कायम भई विवेकपूर्ण निर्णय लिन सक्ने क्षमताको विकास गराउन सक्ने तर्फ जोड दिएको पक्ष सवल पक्षका रुपमा लिन सकिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्लब पक्षहरू :-**

- विद्यमान पाठ्यक्रमले प्रस्तुतगरेको विषयगत-क्षेत्रगत अवधारणा प्रष्ट देखिंदैन । जस्तै- दिगो विकासको अवधारणाले सामाजिक र मानवीय विकासलाई समेट्न सकेको छैन, जुन सामाजिक परिवर्तनका लागि अपरिहार्य छ । त्यसैगरी स्वास्थ्य, जनसङ्ख्य र वातावरणको समस्या केलाउने र समस्या समाधानका उपायहरू पत्तालगाउने तर्फ पाठ्यक्रम गहिरिएर जान सकेको छैन । त्यसैगरी दलित उत्थान र सामाजिक रुपान्तरणमा सहयोगी हुने पाठ्यक्षेत्र "जनसंख्या परिवर्तनका कारण र असर", "साँस्कृतिक तथा धार्मिक संपदा" लाई छुट्टाइएको पाठ्यभार कम छ । शिक्षण विधि तथा क्रियाकलापले अन्तरक्रिया, प्रतिवेदन लेखन र प्रस्तुतीकरणलाई जोड दिएता पनि शैक्षिक सामग्रीहरूको अपूर्णता र असान्दर्भिकताले विद्यार्थीहरूले यसको ज्ञान हासिल गर्न कठिन देखिन्छ । विद्यार्थीबीच सहसिकाई र समूह छलफल प्रक्रियालाई अपनाइएको छैन । मूल्याङ्कन विधिले विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदनहरूको माग गरेतापनि विद्यार्थीहरूको सोचाईमा आएको परिवर्तनलाई मनन् गर्ने विधि प्रष्ट भएको देखिंदैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- जनसंख्यामा परिवर्तन ल्याउने कारक तत्व मध्ये सामाजिक तत्व भित्र दलित समुदायको बढ्दो जनसंख्याको बारेमा व्याख्या गर्ने ।
- धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्वको वारेमा व्याख्या र वर्णन गर्दा मठ, मन्दिर सबैका साझा संपदा भएकोले दलित समुदायले पनि अन्य समुदाय सरह प्रयोग गर्न पाउनु पर्छ भन्ने बारेमा बताउने ।
- क्षेत्र/एकाई अनुसार कक्षागत विशिष्ट उद्देश्यहरूमा समानताको दृष्टिकोणबाट केहि थप बुँदाहरू राख्नु पर्ने । जस्तै : (I) कक्षा ९ को एकाइ ३.१ को "सामाजिक पछि जातीय थप्ने ।" (ii) एकाइ ४ मा छैंटौ बुँदा थप्ने : प्राकृतिक श्रोतमा पहुँचले गर्दा जातीय

पेशामा पर्न गएको असरको बारेमा वर्णन गर्ने । (iii) एकाइ ५-६ को अन्तिम शब्द "सहभागी हुन" को अगाडी : निम्न कुरा राख्ने : समान । (iv) एकाइ ७ मा छैंठौ बुँदा थप्ने : वातावरणीय प्रदुषण र स्वास्थ्य र दलित समुदायबारे वर्णन गर्नु । (v) एकाइ ९

- प्राथमिक स्वास्थ्य, हेर चाह र सुरक्षा शिक्षा क्षेत्रबाट प्रभावित दलित समुदायलाई सचेत गराउने ।
- जनसंख्या वातावरण र विकासको बारेमा व्याख्या वर्णन गर्दा दलित समुदायको सहभागिता, प्रतिनिधित्वको आवश्यकताका वारेमा पनि उल्लेख गर्नु पर्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- प्राकृतिक स्रोतमा दलितहरूको पहुँच तुलनात्मक रुपमा कम रहेकोले माध्यमिक विद्यालय तहका विद्यार्थीहरूले सो वारे तुलनात्मक अध्ययन गर्न सक्ने छन् र उनीहरूले समस्या पहिचान गरी समाधानका तर्कहरू प्रस्तुत गर्न सक्नेछन् ।

– राज्यबाट उपेक्षित हुँदै आएको दलित समुदायभित्र चेतना र शिक्षाको कमीले गर्दा जनसंख्या वृद्धि भैरहेको र रोकथाम गर्न आवश्यक भएको विषय विद्यार्थीहरूलाई बोध हुनेछ ।

- दलित समुदाय एउटै धर्मालम्बी हुँदा हुँदै पनि मन्दिर प्रवेश तथा सांस्कृतिक सम्पदायहरू नभएकाले राष्ट्रको साझा सम्पत्तिमा सबैको समान अधिकार र पहुँच हुनु पर्छ भन्ने धारणाको विकास हुनेछ ।
- यसका अतिरिक्त परम्परागत रुपमा गरिने जातीय पेशा जनस्वास्थ्यका दृष्टिकोणबाट जोखिम युक्त रहेकोले दलित समुदायलाई लक्षित गरी प्राथमिक स्वास्थ्य, हेरचाह र सुरक्षा सम्बन्धी विषयमा तर्जुमा गरिएको पाठ्यसामग्रीले समाजमा पिछडिएको वर्गको उत्थान तर्फ विद्यार्थीहरूलाई अभिप्रेरित गर्नेछ ।

**माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत मूल्याङ्कन :-**

दलित परिप्रेक्ष्यबाट थप गरिएका पाठ्य सामग्रीले विद्यार्थी लगायत समग्र समाजमा कस्तो प्रकारको प्रभाव पर्न गएको छ भनी मूल्याङ्कन गरिनु नितान्त आवश्यक हुन्छ । यसका लागि माध्यमिक विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा निम्नअनुसार मूल्याङ्कन गर्न उपयुक्त देखिएको छ ।

- छोटा प्रश्न सोधी मौखिक छलफल वा लिखित उत्तर माग्ने, कक्षाकार्य, गृहकार्य गर्न लगाउने र परीक्षा प्रणाली अपनाई निर्माणात्मक मूल्याङ्कनलाई विशेष जोड दिनुपर्छ ।
- थप पाठ्यसामग्रीले सामाजिक परिवेशमा कस्तो प्रभाव पर्न गयो ? स्थानीय समाजसेवी, वुद्धिजीवि, अभिभावक, शिक्षक आदिको सभागोष्ठी संचालन गरी विचार र भावनाको मूल्याङ्कन गर्ने ।
- शिक्षकले प्रभावकारी शिक्षण कार्य गर्न कुनै हदसम्म सके ? उपयुक्त हुन्छ । प्रेरणादायी शिक्षण प्रक्रिया भए नभएको विद्यालय प्रशासन र स्थानीय अभिभावकले निरीक्षण तथा अनुगमन गरी मूल्याङ्कन गर्ने ।
- शिक्षण क्रियाकलाप सँगसँगै विद्यार्थीहरूको सिकाई उपलब्धि स्तरका सम्बन्धमा शिक्षकले आत्मामूल्याङ्कन गर्न र थप सुधार ल्याउन मूल्याङ्कन प्रक्रिया लागू गर्दै जानुपर्छ ।
- प्रधानाध्यापकले विषय शिक्षकको कक्षा अवलोकन गर्दै थप सुझाव दिई मूल्याङ्कन गर्दै जाने ।
- विद्यार्थीहरूले देखेका, सुनेका कुरालाई विश्लेषण गर्ने क्षमताको विभिन्न विधि अपनाइ मूल्याङ्कन गर्ने ।
- विषयगत मूल्याङ्कन विशेषज्ञका साथमा सामाजिक परिचालनमा अनुभवी विज्ञ र दलित समुदायको प्रतिनिधित्व हुने गरी मूल्याङ्कन समूहको व्यवस्था गर्ने ।

**माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत निष्कर्ष र सुझाव :-**

माध्यमिक तहका विद्यार्थीको लागि एकीकृत रुपमा आएको स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षाको पाठ्यक्रम समय सापेक्ष बनाउन आवश्यक छ । यसतहका खासगरेर विपन्न वर्गका, दलित एवं पिछडिएका क्षेत्रका विद्यार्थीहरू मध्ये अधिकांश एस्.एल्.सी.मा फेल हुने र त्यसपछि आफ्नो जीविकोपार्जनतर्फ लाग्ने गर्दछन् । दुर्गम, ग्रामीण र पिछडिएका समुदायको लागि यदाकदा फेलभएका विद्यार्थीले नेतृत्व दिने गरेको पाइन्छ । त्यसैले समाजिक परिवर्तनका लागि यिनीहरू संबाहक हुन् । यिनीहरूको क्षमतामा समाजको भविष्य निर्भर गर्ने गर्दछ । त्यसैले यस तथ्यलाई आधार मान्दा यो एकीकृत पाठ्यक्रम परिमार्जित हुन अत्यन्त आवश्यक भएको छ । विशेष गरेर सामाजिक रुपान्तरणलाई सहयोग पुऱ्याउने खालका क्षेत्रहरूमा पाठ्यभारलाई बढाउनु आवश्यक देखिन्छ । सिकाइका विधिहरू सरलिकृत गर्दै मूल्याङ्कन विधिलाई बढी व्यवहारिक बनाइनु पर्दछ । साथै शिक्षक/शिक्षिकलाई सामाजिक चेतना, जाति लिंग र वर्ग संवेदनशिलतामा तालिम प्रदान गरिनु पर्दछ । उनीहरूको संवेदनशीलता र व्यवहारलाई पनि उनीहरूको कार्य सम्पादन मूल्याङ्कनको सूचक बनाइनु पर्दछ र साथै विद्यालय व्यवस्थापनले अभिभावकहरूसँग पटकपटक अन्तरक्रियाको माध्यमबाट उनीहरूलाई विद्यालयको

पठनपाठनप्रति सचेत र जिम्मेदार बनाइनु पर्दछ। यसका अलावा विद्यालयलाई पायक पर्ने सामाजिक संघ संस्थाहरू जनसंख्या, स्वास्थ्य, वातावरण सम्बन्धी विषयगत छलफल चलाइनु पर्दछ। यसबाट विद्यार्थीले थप ज्ञान हासिल गर्न सक्नेछन्। त्यसैगरी विद्यार्थीलाई वातावरण सरसफाई कार्यमा समान रुपमा सहभागी हुने व्यवस्था गर्नु आवश्यक हुन्छ। माध्यमिक तहको पाठ्यक्रम निर्माण गर्दा खासगरी निम्न विषयवस्तुमा बढी ध्यान केन्द्रीत गर्नु आवश्यक देखिन्छ–

- दलितका लेखक साहित्यकारका लेख-रचनालाई प्राथमिकता दिई समावेश गर्नु पर्छ।
- दलितका शिक्षक, शिक्षिका संख्या बढाउनमा जोड दिनुपर्छ।
- दलितका विद्यार्थी बढी से बढी विद्यालय जाने वातावरण तयार गर्नु पर्छ।
- माध्यमिक तहका पाठ्क्रम खोजमूलक हुनुपर्छ।
- शिक्षकलाई जातीय विभेद विरुद्ध मानसिक रुपमा तयार गर्न र यस पाठ्यक्रम अनुसार प्रभावकारी ढंगले पढाउनका लागि उचित तालिमको व्यवस्था गर्नु पर्छ। जातीय विभेद गर्ने शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई सकारात्मक भावना जगाउन विशेष तालिमको व्यवस्था गर्ने र विभेद नगर्नेहरूलाई उचित पुरस्कारको व्यवस्था गर्नु पर्छ।

## २.५. उच्च-माध्यमिक विद्यालय तहको विषयगत विश्लेषण

### विषय :- अंग्रेजी

#### क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-

- उच्च-माध्यमिक विद्यालय तहमा विद्यमान रहेको अनिवार्य अंग्रेजी विषयको पाठ्यक्रम (1980) को सवल पक्षहरूमा प्रशस्त अभ्यासहरू, नक्सा र चित्रहरू, Finding a word, checking spelling, finding meaning का साथै विभिन्न देशका नक्सा र त्यसका वर्णनले स्थान पाएका छन् । यसका साथै अंग्रेजी परिवेशका चित्रहरू र सोको वर्णन तथा अभ्यासलाई पनि वर्तमान पाठ्यक्रमको सवल पक्षकै रुपमा लिन सकिन्छ । यिनका सम-सामयिक विषयवस्तुका निबन्ध, लेख-रचनाका साथै कविता, कथा, नाटक आदिलाई पाठ्यक्रमका सवल पक्ष मान्न सकिन्छ ।

#### ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-

- उच्च-माध्यमिक विद्यालय तहको पाठ्यक्रमलाई दलित परिप्रेक्ष्यबाट विचार गर्दा यसका प्रसस्त दुर्वल पक्षहरू फेला पर्छन् । दलितको रहन-सहन र सामाजिक स्थिति तथा अवस्था झल्किने खालका रचनाहरू कथा, कविता, लेख-निबन्ध आदि पाठ्यक्रममा नदेखिनु र हाम्रो आफ्नै समाजको विसंगति विषमतासँग युवापुस्तालाई परिचित गराउन नसक्नु यसको दुर्वल पक्ष मान्न सकिन्छ ।

#### ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-

- दलित वर्गको सम्बन्धमा समाजमा सकारात्मक परिवर्तन ल्याउने खालका कथा, कविता, लेख, निबन्ध उच्च-माध्यमिक विद्यालय तहको अंग्रेजी पाठ्यक्रममा समावेश गरिनु पर्छ । भेदभाव विरुद्धको नाटक वा वार्तालाप सम्बन्धी पाठ थप्नु पर्छ ।

#### घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धीहरू :-

- उच्च-माध्यमिक विद्यालय तहका विद्यार्थीको मस्तिष्क परिपक्क हुने क्रममा पुगिसकेको हुन्छ । अतः पाठ्य पुस्तकका सामग्रीबाट प्राप्त ज्ञानलाई उनीहरूले जीवनमा उतार्दै जान्छन् । पाठ्यक्रममा समावेश भएका दलित सम्बन्धी पाठ्य सामग्रीबाट विद्यार्थीको व्यवहार र चिन्तनले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ ।

विषय :- नेपाली

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- विधागत पाठ्यसामग्रीहरू ज्ञान वर्धक र रोचक छन् ।
- साहित्यकार तथा महापुरुषहरूका जीवनी प्रेरणादायी छन् ।
- कथा, कविता, जीवनी, निबन्ध जस्ता सबै विधा समावेश छन् ।
- अभ्यासका क्रियाकलापहरू प्रभावकारी देखिन्छन् ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- दलित वर्गका महापुरुष, समाजसेवी, विद्वान्, वैज्ञानिक, ऐतिहासिक पुरुष, महिला, गायक, सँगीतकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविता, आदि समावेश हुन सकेका छैनन् ।
- दलितका सीप, कलाको महत्व तथा आवश्यकता र नेपाली कला एवं सँस्कृतिमा यो वर्गको देनको वारेमा सामान्य परिचय समेत दिन सकेको देखिँदैन ।
- छुवाछुत जस्तो सामाजिक विकृति र विसंगतिका विरुद्ध नयाँ जागृति ल्याउन सकेको छैन ।
- देशमा विभिन्न धर्म, सँस्कृति, परम्परा र अनेक जातजाति, वर्गसमुदायहरू सबैलाई समेट्न सकेको छैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलितका ऐतिहासिक पुरुष, ख्यातिप्राप्त व्यक्तिको एकाङ्की नाटक-(कृति समिक्षा गर्न) ।
- दलितको सकरात्मक सन्देश दिने र समानता ल्याउने खालका-(निबन्ध टिप्पणी र प्रतिवेदन लेखन) ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- दलितका ऐतिहासिक व्यक्तिबाट राष्ट्रले पाएको योगदानको मूल्याङ्कन हुनेछ र यस वर्गलाई सम्मानित दृष्टिले हेर्ने छन् । साथै प्रेरणा बटुली आफूबाट राष्ट्र र समाजलाई योगदान दिने पाठ सिक्नेछन् ।
- दलित समुदायको मानसम्मान बढाउने जस्ता पाठ्यसामग्रीले यो वर्गलाई अपहेलित दृष्टिले हेर्ने सोच परिवर्तित हुँदै जानेछ ।
- निबन्धका विधागत पाठ्यसामग्रीले जातीय समानता ल्याउने सन्देश दिँदै दलितका कलाकृति र साँस्कृतिक रीतिरिवाजको वारेमा नयाँ ज्ञान दिनेछ ।

विषय :- गणित

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- गणित विषयको ज्ञान दिन सबै प्रकारका (हिसावका शीर्षकहरू समावेश भएका छन् ।
- सहजै बुझ्न र दिइएका समस्या हल गर्न यथेष्ट मात्रामा उदाहरणहरू समावेश भएका पाइँन्छन् ।
- अभ्यासका क्रियाकलाप व्यावहारिक रुपमा प्रस्तुत भएका छन् ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- विद्यमान पाठ्यक्रमले सबै वर्गलाई समेट्न सकेको छैन ।
- दलित समुदायका प्रगति विवरण दर्शाउने अभ्यासका प्रश्न र उदाहरणमा समावेश भएका छैनन् ।
- जातीय एकरुपता ल्याउन गणित विषयले कतै चासोसमेत देखाउन खोजेको पाइँदैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- समूह (Sets) का अभ्यासमा सबै समुदायसँग दलितको पनि सहभागिता देखाउने प्रश्नहरू राख्ने ।
- तथ्याङ्कशास्त्रमा हालको निश्चित तथ्याङ्कनलाई आधार लिई आगामी दिनमा निश्चित अवधिमा probability आँकडा देखाउन सक्ने खालका स्तम्भ रेखाका प्रश्न र उदाहरण राख्ने ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- समूह (Sets)का प्रश्नावलीहरूमा दलितको पनि सहभागिता रहँदा यस वर्गका विद्यार्थीको स्वाभिमान बढ्नेछ ।
- दलितहरूका शैक्षिक, आर्थिक आँकडा झल्किएका प्रगतिमूलक सूचकहरू पाठहरूमा समावेश गर्दा दलितप्रति विद्यार्थीको सकारात्मक सोच बढ्नेछ ।

विषय :- विज्ञान

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- उच्च-माध्यमिक विद्यालय तहको विज्ञानको पाठ्यक्रम अन्य समानतह र समकक्षाका पाठ्यक्रमहरूको तुलनामा सवल र विषयसामग्रीका दृष्टिले बढी संगठित देखिन्छन् । यसैलाई नै विद्यमान पाठ्यक्रमको सवल पक्ष मान्न सकिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- उच्च-माध्यमिक विद्यालय तहको विज्ञान विषयको पाठ्यक्रममा देशमा विद्यमान परम्परागत शिल्पकला तर्फ युवा पीढीको ध्यानाकर्षण गर्न नसक्नु र पाठ्यक्रम दलित परिप्रेक्ष्यबाट अलग्गिनु पाठ्यक्रमको दुर्वल पक्ष मान्न सकिन्छ ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलितवर्गले परम्परागत रुपमा गर्दै आएका शिल्प-कला (धातु र छाला) सम्बन्धी विषयवस्तुको वैज्ञानिक अध्ययन विज्ञान विषयको पाठ्यक्रममा समावेश गर्नु पर्छ ।
- दलितहरूको धातुकलाका सम्बन्ध समायोजित शैक्षिकसामग्री निर्माण गर्नु पर्छ ।

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- परम्परागत पेशाप्रति आकर्षण बढ्छ ।
- परम्परागत पेशाको वैज्ञानिक अध्ययनबाट शिल्प र कला फस्टाउँछ । शिल्पी कलाकारहरूको शिल्प र कला मर्यादित हुन्छ । नेपाली शिल्प र कलाको आकर्षण विश्वमा बढ्छ र विदेशी मुद्राको आर्जन हुन्छ । अपेक्षित शिल्प र कलामा जनआकर्षण बढ्छ ।

विषय :- सामाजिक शिक्षा

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

– वैज्ञानिक सुझबुझ भएका, सृजनशील, सहयोगी, उद्यमशील, स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ र सक्षम नागरिक तयार गर्नेतर्फ पाठ्यक्रम उन्मुख छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

– पाठ्यक्रमले विद्यार्थीलाई व्यक्तिगत तथा समाजको रुपान्तरण गर्नका लागि परिवर्तन गर्न सक्ने ठोस विषय बस्तु समावेश हुन सकेको छैन ।

**ग) विद्यमान पाठ्यक्रममा समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- दलित समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, भावनात्मक, धार्मिक र मनोवैज्ञानिक Integration कसरी गर्ने भन्ने विषयवस्तुहरू व्यवहारिक र विषय सान्दर्भिक रुपमा समावेश गरिनु पर्छ ।
- नेपाली कानून तथा मानव अधिकार र जातीय विभेद तथा त्यसले उब्जाएका अनेकौं समस्या बारे जानकारी दिने विषयवस्तुको समालोचनात्मक रुपमा समावेश गरिनु पर्छ ।
- Social Problems अन्तर्गत Untouchability/caste system पनि समावेश गराउनु पर्छ र राज्यका अग्रज व्यक्तित्वहरूमा दलित समुदायका झलकमान गन्धर्व जस्तालाई जानकारीमूलक रुपमा समावेश गराउनु पर्छ ।
- विभिन्न समयको जनआन्दोलनमा दलितहरूले पुऱ्याएको योगदान बारे अनुसन्धान गरी पाठ्यपुस्तकमा समावेश गरिनु पर्छ र जातीय विभेदले नेपाली अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावबारे जानकारी दिने विषयवस्तु विश्लेषणात्मक रुपमा समावेश गरिनु पर्छ ।

**घ) थप पाठ्यसामाग्रीका अपेक्षित उपलब्धिहरू :-**

- नेपाली समाजको Integration, का लागि दलितलाई मूलाधारमा ल्याउन पहाडी र मधेशी बीचको Integration, दलित-दलित बीचको Integration र पुरुष र महिला बीचको Integration का क्षेत्रमा ज्ञान बढ्नेछ ।
- Caste को आधारमा नेपाली समाजको Stratification र जंग बहादुरको मुलुकी ऐन तथा विद्यमान कानून र व्यवहारको ज्ञान हुनेछ ।

- विभिन्न समयमा भएको जनआन्दोलनमा दलित समुदायको योगदानको चर्चाले यो समुदायमा आत्मसम्मान र प्रजातन्त्रप्रति आस्था बढाउने छ । सामाजिक सुधारका नाममा जातीय विभेद र विखण्डन ल्याउने राणाकालीन सामाजिक संरचनाको उचित आलोचना हुँदा उनीहरूको गलत कार्य बारे जानकारी बढ्नेछ। जातीय विभेदले नेपाली अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावको विश्लेषणले भोलिका दिनमा यसलाई आर्थिक दृष्टिबाट हेर्ने र विष्लेषण गर्ने बानी बस्नेछ।

विषय :- स्वास्थ्य, जनसंख्या र वातावरण

**क) विद्यमान पाठ्यक्रमका सवल पक्षहरू :-**

- उच्च-माध्यमिक तहको जनसंख्या, वातावरण तथा शारीरिक शिक्षा विषयकको पाठ्यक्रम विश्लेषण गर्दा पाठ्यक्रम स्तरीय र व्यवहारिक विषयवस्तुले परिपूर्ण रहेको देखिन्छ । यस पाठ्यक्रमको अर्को सवल पक्ष भनेको वैज्ञानिक र स्तरीय रुपमा विविध क्षेत्रका विविध विषयवस्तु समावेश गरिनु हो । यसले गर्दा विद्यार्थीहरूमा स्तरीय र व्यवहारिक शिक्षा हासिल गर्न सहयोग पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

**ख) विद्यमान पाठ्यक्रमका दुर्वल पक्षहरू :-**

- सवल पक्ष हुँदा हुँदै पनि केही यसका दुर्वल पक्षहरू पनि रहेका छन् । विद्यमान समाजमा रहने विभिन्न क्षेत्रका समुदाय मध्ये दलित समुदायको वारेमा विषयसामग्री स्पष्ट आउन सकेको छैन । समाजमा रहने सम्पूर्ण मानवको समान अधिकार र पहुँचका कुरा समावेश भएका छैनन् । जनसंख्या बनोटमा केही निश्चित क्षेत्रकोलाई मात्र समेटेर दलित जाति आदि समावेश भएको छैन ।

**ग) विद्यमान पाठ्यक्रमका समाहित गर्नुपर्ने विषयवस्तुहरू :-**

- जनसंख्या बनोटको बारेमा अध्यापन गराउ□दा दलित समुदायको जनसंख्या स्थिति पनि समावेश गरी निश्लेषण गरिएको हुनु पर्छ ।
- मनोविज्ञानको सम्बन्ध वर्णन गर्दा दलित समुदायको बारेमा पनि मनोवैज्ञानिक प्रभाव पर्ने खालका विषयसामग्रीको विवरणात्मक व्याख्या हुनु पर्छ ।
- जनसंख्या वनोटको वारेमा व्याख्या वर्णन गर्दा अन्य वर्ग समुदायको जस्तै दलित समुदायको जनसंख्या वनोट र स्थितिलाई पनि तुलनात्मक रुपमा उल्लेख गर्नुपर्ने हुन्छ ।
- जनस्वास्थ्य, जनसंख्या वृद्धिदर, प्रभाव, असर र समस्या रोकथामका विषयहरू ि वश्लेषणात्मक ढंगले प्रस्तुत भएको हुनु पर्छ.

**घ) थप पाठ्यसामग्रीका अपेक्षित उपलब्धिहरू :-**

- दलित समुदायको जनसंख्या स्थिति, जनसंख्याको बनोट, वितरण आदि जनसंख्यकीका पक्षमा विश्लेषणात्मक र तुलनात्मक जानकारी प्राप्त हुनेछ ।
- जनसंख्या, वृद्धिको समस्या, बृद्धिको कारक तत्वहरू, रोकथामका उपायहरूका वारेमा विद्यार्थीमा ज्ञान र चासो जाग्नेछ ।

**उच्च-माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत मूल्याङ्कन :-**

दलित परिप्रेक्ष्यबाट थप गरिएका पाठ्यसामग्रीले विद्यार्थीवर्गमा के कस्तो प्रभाव पार्न सक्यो? समाजमा यसले कुनरुपको भूमिका निर्वाह गर्न सक्यो ? शिक्षकहरूको व्यावहर र शिक्षणकार्य प्रभावकारी हुन सक्यो वा सकेन ? भनी विभिन्न प्रकारले पाठ्यक्रमको उद्देश्य मूल्याङ्कन गर्दै जानु आवश्यक हुन्छ । प्रश्नोत्तर विधि, छलफल विधि र मौखिक सोधपुछ लगायत विभिन्न मूल्याङ्कनका विधिहरूको प्रयोगबाट मूल्याङ्कन गर्नु उपयुक्त देखिन्छ ।

- शिक्षकले नयाँ पाठ्यक्रमको मर्म अनुसार पढाए कि पढाएनन् ? शिक्षकको पढाउने शैली कस्तो छ ? पढाउने क्षमता कस्तो छ ? उचित शिक्षण विधिको प्रयोग भएको छ/छैन ? शिक्षण रुचिप्रद छ छैन आदिका वारेमा प्रधानाध्यापक, व्यवस्थापन समिति, विद्यलय प्रशासन र स्थानीय अभिभावकले नियमित मूल्याङ्कनको व्यवस्था गर्नु पर्छ ।
- दलित विद्यार्थीहरूले कसरी बुझे र ग्रहण गरे तथा गैर दलित विद्यार्थीहरूले कसरी बुझे र ग्रहण गरे भन्नेवारे मूल्याङ्कन गर्नुपर्छ । त्यसका लागि प्रश्नहरू सोधेर, अन्तर्क्रिया तथा छलफल गरेर, संगै खाजा खान लगाएर, छिमेकी तथा अन्य चर्चित दलित व्यक्तित्वहरूको जीवनी लेख्न लगाएर, जातीय विभेदका वारेमा छलफल चलाएर, नियमित परीक्षामा जातीय विभेद सम्बन्धी प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नु पर्छ ।
- उच्च-माध्यमिक विद्यालय तहका विद्यार्थीहरूको योग्यता, क्षमता मूल्याङ्कन भनेको वस्तुतः परीक्षाका प्रश्नहरूमा सोधिने प्रश्नहरूको उत्तर कति व्यवहारिक, वस्तुपरक, दृष्टिकोणमूलक, भावनात्मक, विश्लेषणात्मक रह्यो यसबाट गरिने कुरा हो । अतः यसका अतिरिक्त प्रतिवेदनमा पेश भएका अन्य तहगत मूल्याङ्कनका विधिहरूलाई पनि आधार मानी मूल्याङ्कन गर्न सकिन्छ ।

**उच्च-माध्यमिक तहका पाठ्यक्रमको समष्टिगत निष्कर्ष र सुझाव :-**

- जनसंख्या, वातावरण र शारीरिक शिक्षाको अध्ययनले दैनिक जीवनको व्यवहारमा सकारात्मक परिवर्तन गराइ यसको प्रयोगको उचित उपयोग गर्ने उद्देश्यले तयार पारिएता पनि समाजको विद्यमान अवस्थाले गर्दा पछाडी पारिएका जाति दलित समुदायका बालबालिकाहरू यो स्तरको शिक्षा लिनबाट बञ्चित हुन पुगेका छन् । विद्यार्थी-विद्यार्थीबीच विभेदको ठूलो खाडलले गर्दा दलित समुदायका विद्यार्थीमा हीनताबोध भई पूर्णरुपले शिक्षाध्ययनमा सहभागी हुन सकेका छैनन् । यसको लागि शिक्षक-शिक्षिकाको व्यवहारमा निर्भर रहन्छ । माध्यमिक तहभन्दा माथिल्लो तहको शिक्षाध्ययनका लागि दलित विद्यार्थीहरूलाई छुट्टै विशेष व्यवस्था गर्नु आवश्यक देखिन्छ । यो तहको समाहित शिक्षा कार्यान्वयनमा ल्याउँदा निम्न विषयमा ध्यान केन्द्रित गर्नु उपर्युक्त हुन्छ ।

- दलित परिप्रेक्ष्यमा थपिने पाठहरू अत्यन्त रोचक, सहज र मनोविश्लेषणात्मक हुनु पर्छ । साथै शिक्षक-शिक्षिकाले पठन पाठन गराउँदा गरीव, दलित र उत्पीडितप्रति सहृदयी

भावनाका साथ पठन-पाठन गराउनु पर्ने हुन्छ । शिक्षकले विद्यार्थीलाई सकारात्मक परिवर्तन ल्याउने दृष्टिले प्रस्तुत गर्नु पर्छ ।

- शिक्षकलाई जातीय विभेद विरुद्ध मानसिक रुपमा तयार गर्न र यस पाठ्यक्रम अनुसार प्रभावकारी ढंगले पढाउनका लागि उचित तालिमको व्यवस्था गर्नु पर्छ । जातीय विभेद निराकरणका लागि सहयोग पुऱ्याउने शिक्षक कर्मचारीहरूलाई उचित प्रोत्साहन पुरस्कारको व्यवस्था गर्नु पर्छ ।
- विद्यार्थी वर्गलाई संयुक्त र संमिश्रित किसिमको छात्रावास निःशुल्क अध्ययनको व्यवस्था गर्नु पर्छ । संयुक्त छात्रावासमा दलित विद्यार्थीहरूलाई आरक्षण र प्राथमिकताको व्यवस्था मिलाउन उपयुक्त देखिन्छ ।
- पाठ्यसामग्री तर्जुमा गर्दा चिन्तनात्मक, भावनात्मक, वैयक्तिक दृष्टिकोण युक्त, रचनात्मक, तार्किक, मानवीय संवेदनशीलता र नेतृत्वदायी खालका पाठ्यसामग्रीहरूलाई पाठ्यक्रमले निर्देशित गर्न आवश्यक देखिन्छ ।

# ३. निष्कर्ष र सुझाव

हाल विद्यालय तहमा कार्यान्वयनमा ल्याइएका कक्षा १ देखि १२ सम्मका ६ अनिवार्य विषयका पाठ्यक्रमहरूको तहगत र विषयगत विश्लेषण गर्दा समग्ररुपमा अत्यन्त व्यवहारिक, संगठित, श्रृङ्खलावद्ध र सन्देशमूलक देखिएका छन् । तथापि, सबै समुदायलाई समाहित गर्ने शिक्षा नीतिका दृष्टिले सन्तुलित र समन्वयकारी रहेका पाइँदैनन् । शिक्षाले सबै वर्ग समुदायका सबै पक्षहरूलाई सवल रुपमा समेट्न सक्नु पर्थ्यो । सबै वर्गसमुदायको विविध आर्थिक, सामाजिक धार्मिक सांस्कृतिक, साहित्यिक, भाषिक एवं कलात्मक पक्षहरूलाई सुदृढ र सवल बनाउने पाठ्यसामग्रीले सबैलाई फुल्ने र फष्टाउने अवसरको समायोजन हुनु पर्ने हो, त्यो पक्षमा विद्यमान पाठ्यक्रम निरीह देखिएको छ । दलित दृष्टिकोणबाट पाठ्यक्रमहरूको विश्लेषण गर्दा भावी पाठ्यक्रमहरू निम्न परिप्रेक्ष्यबाट विश्लेषण हुन पर्ने हेतुले सुझावहरू प्रस्तुत गरिएको छ ।

१. परिमार्जित पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यन्वयनमा ल्याउनु पूर्व समाहित पाठ्यक्रम/पाठ्यपुस्तकका विषयमा व्यापक रुपमा क्षेत्रीय स्तरमा परिचयात्मक गोष्ठी गरी राष्ट्रले कस्तो किसिमको समाहित पाठ्यक्रम कार्यान्वयन गर्दैछ सो को जानकारी गराइ पाठ्यक्रम/पाठ्यपुस्तक कार्यान्वयनमा सहयोग पुऱ्याउने वातावरण तयार पार्ने । यस्तो गोष्ठी संचालन गर्दा क्षेत्रीय स्तरमा क्रमैसँग गर्ने र पृष्टपोषण लिने व्यवस्था मिलाउने ।

२. समाहित पाठ्यक्रम/पाठ्यपुस्तक लागू गर्दा सर्वप्रथम प्राथमिक विद्यालय र निम्न-माध्यमिक विद्यालयका शुरु कक्षामा परीक्षणका रुपमा कार्यान्वयन गर्ने । यसक्रममा पाठ्यक्रम/पाठ्यपुस्तकका विषयवस्तुसँग सम्बन्धित सामग्रीहरूको परीक्षण प्रयोग/समाहित शिक्षाको पूर्णता/अपूर्णता र लक्षित समुदायबाट प्राप्त पृष्टपोषण, कक्षा शिक्षण, विषयसामग्रीप्रति विद्यार्थी, शिक्षक र अभिभावकहरूको रुचि आदि विषयहरू पाठ्यक्रम परीक्षण प्रयोगको समयमा संकलन गर्ने र त्यसबाट प्राप्त अनुभवहरूलाई पुनः पाठ्यक्रममा समावेश गरी अर्को वर्ष त्यस्तो पाठ्यक्रमलाई पूर्णता र स्थायित्व प्रदान गर्ने ।

३. समाहित शिक्षाको अवधारणाले नै सबै वर्गसमुदायका राष्ट्रिय पाठ्यक्रममा प्रतिनिधित्व गराउने भएकोले सबै पक्षको सुझाव र गुनासो राष्ट्रिय स्तरबाट संकलन गर्ने व्यवस्था मिलाउने । लिखित, टेलिफोन वा फ्याक्स, इमेल, भेटघाट, पत्राचार आदिबाट निश्चित समय दिई सुझाव सङ्कलन गर्ने । यसो गर्नाले पाठ्यक्रम/पाठ्यपुस्तक बढी व्यवहारिक, बढी सान्दर्भिक, बढी समन्वयकारी भई यसले दिगो स्वरुप लिन सक्छ । यस्ता कार्यगर्दा सवैचरणको कार्यमा पाठ्यक्रमले समाहित गर्ने सबै समुदायका व्यक्तिहरूको प्रतिनिधित्वलाई अनिवार्य गराउने ।

४. जातिका दृष्टिले, छुत-अछुतको दृष्टिले, धनी र गरिवका दृष्टिले एवं विकसित र अविकसित क्षेत्रगत असन्तुलनका दृष्टिले पनि नेपाली समाजको भावना अलगअलग किसिमको रहेको छ । समाजमा विद्यमान संस्कारलाई तत्काल हटाउन संभव प्रायः हुँदैन । जातीय उत्थान र मानवीय समानताका विषयवस्तुलाई औपचारिक एवं अनौपचारिक शिक्षाका माध्यमबाट विस्तारै विस्तारै समाजमा मिश्रण गर्दै जानु उपयुक्त

हुन्छ । शिक्षाको माध्यमबाट भावनात्मक परिवर्तन ल्याउने क्रममा यो समाहित राष्ट्रिय पाठ्यक्रमले सबै वर्गसमुदायको भावना समेट्न सकोस् भन्ने हेतुले निम्न विषयहरूमा बढी ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

क) नेपालको सामाजिक संरचना पित्तृसत्तात्मक प्रवृत्तिको छ । धर्म, सँस्कृति, परम्परा, लौकिक सँस्कृति र धर्मग्रन्थहरूबाट, निर्दिष्ट हुँदै आएको छ । यसको विपरीत आचरण र व्यवहार गरिएमा लौकिक सजाय भोग्न पर्ने हुन्छ भन्ने स्थानीय स्तरको मान्यता रहेको छ । पंडीत, पूजारी, पुरोहित सामन्त र हुने खाने जाति विशेषले यसको निर्देशन र परिपालना गराउँदै आएका छन् । दलित, जनजाति र महिलाका थप विषयक्षेत्रलाई यो समुदायका व्यक्तिहरूले नपचाउन पनि सक्छन् । आफ्नो स्वाभिमानमा आघात पुगेको महसुस पनि गर्न सक्छन् । तसर्थ, विषयसामग्रीको समायोजन गर्दा कुनै पनि वर्ग समुदायको स्वाभिमान, आत्मसम्मानमा आघात नपुग्ने गरी विषय सामग्री तर्जुमा हुनु आवश्यक हुन्छ ।

ख) जातीय विभेद र छुवाछुत दलित-गैरदलित, एवं दलित-दलितबीच पनि कायमै रहेको अवस्थामा जातीय विभेदका कारक तत्वहरूलाई पहिचान गरी सर्वप्रथम राष्ट्रिय पाठ्यक्रमले त्यस्ता तत्वहरूलाई सामाजिकीकरण गर्न सक्ने खालका सकारात्मक र सर्वग्राह्य विषयवस्तुहरू कलात्मक ढंगले पाठ्यक्रममा प्रस्तुत हुनु पर्छ । समाहित सामग्रीहरूको स्तर सामान्यबाट विशिष्टीकरणतर्फ उन्मुख हुनु पर्दछ । उदाहरणार्थ, कक्षा १ मा राखिएका विषयवस्तु सर्वग्राह्य भएपछि मात्र कक्षा २ मा लगि एवं रीतले उच्च-माध्यमिक विद्यालय तहसम्म पुग्दा प्रशिक्षण दिइएका सामग्रीहरू स्तरीय र सबै वर्गसमुदायका विद्यार्थीहरूका लागि गुणग्राही र रुपान्तरित रुपमा अगाडि बढ्न सक्ने गरी पाठ्यसामग्रीको संगठनात्मक स्वरुप तयार गर्न बढी सान्दर्भिक देखिन्छ ।

ग) जातीय विभेदका दृष्टिले अत्यन्त पीडा भोग्दै आएको समुदाय दलित समुदाय नै हो । गरीवी र छवाछुत एवं जातीय तिरस्कारका कारण दलित समुदायको मनोबल सामान्यस्तरसम्म ल्याउन पनि धेरै पहल र प्रयास गर्न पर्ने अवस्था छ । यस दृष्टिले पनि दलित समुदायका जातिहरूको नाम, विशिष्टता, उनीहरूले अपनाउँदै आएको पेशा र सीप, उनीहरूको प्रचलन, रहन-सहन, बसोबास, दैनन्दिनीलाई वस्तुपरक ढंगले सकारात्मक र सम्मानजनक रुपमा पाठ्यसामग्रीमा प्रस्तुत हुनु आवश्यक छ । यसोगर्दा दलित समुदायका विद्यार्थीहरूमा भावनात्मक प्रेरणा पैदा गर्न सकिन्छ भने अन्य समुदायका विद्यार्थीहरूमा पनि यस्ता विषयहरूमा नयाँ जानकारी दिन सकिने हुन्छ ।

५. पाठ्यक्रम/पाठ्यपुस्तक जतिसुकै उत्तम र उन्नतशील भए पनि कार्यान्वयन पक्ष सुदृढ भएन भने पनि उपलब्धि मूलक हुन सक्दैन । समाहित शिक्षाका पाठ्यक्रमहरू कार्यान्वयनमा ल्याउन विद्यालय तहमा सम्बन्धित समुदायका व्यक्तिहरूलाई पनि अध्यापन कार्यमा संलग्न गराउन आवश्यक हुन्छ । विद्यालय तहमा सबै समाहित, समुदायको सहभागिता कायम रहने गरी शिक्षक, कर्मचारीको नियुक्ति विद्यालय व्यवस्थापन समितिको

गठन स्थानीय निकायको गठन आदि कार्य गर्नु आवश्यक छ। विषयवस्तु रोचकताकासाथ अध्यापन गराउन शिक्षण सामग्रीहरूको प्रयोग र शिक्षक निर्देशिकाको व्यवस्था गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

६. स्थानीय विद्यालयहरूमा शिक्षक र विद्यार्थी दुवैले दलित समुदायका बालबालिकालाई हेप्ने, हेय दृष्टिले हेर्ने, विभेद गर्ने, असामान्यीकरण गर्ने तथा चासो नदिने, अगाडि बेञ्चमा बस्न नदिने, पानीको भाडो छुन नदिने, अपशब्द प्रयोग गरी गाली गर्ने आदि समस्याहरू पनि रहने गरेका पाइन्छन् । यसले गर्दा पनि दलित बालबालिकाहरूलाई विद्यालय जाने कार्य उत्प्रेरक बन्न सकेको छैन । जातीय दृष्टिले भेदभाव नगरी सबै बालबालिकालाई समान अस्तित्व बोध गराउन विद्यालयका प्रत्येक क्रियाकलापमा समाहिकीकरणको भावनालाई अनिवार्य र बाध्य बनाउन पर्छ । जस्तै, सबै किसिमका अतिरिक्त क्रियाकलापहरू आदि ।

७. कुनै पनि समुदायलाई चोट पर्ने खालका शब्द, वाक्यांशहरू पाठ्यक्रममा नराख्ने । उनीहरूको भावनामा धक्का पुग्ने खालका अतिरिक्त क्रियाकलाप, खेलहरू एवं उखान तुक्काहरू प्रयोग नगर्ने । जस्तै- "आफू मरे डुमै राजा", "राजाको कामछोडी कामीको दियाली", डुम बन्ने खेल आदि ।

८. कामी, दमै, सार्की, गाइने आदि दलितहरूको जातिगत परिचय र शब्द प्रयोग गर्दा उनीहरूले नेपालको एकीकरणमा पुऱ्याएको योगदान, उनीहरूको सीपले नेपालको अर्थतन्त्र सामाजिक कार्य आदिमा पुऱ्याएको योगदान, उनीहरूले गरेका कामहरू जस्तै- फोहर साफ गर्ने, सिनो उठाउने आदि खालका कामहरूलाई महत्वपूर्ण र सम्मानजनक रुपमा प्रस्तुत गरी यस्ता कार्यहरू सबै जातले समानरुपले गर्नु पर्ने विषय बोध गराउने खालको सामग्रीहरू महत्वपूर्ण रुपमा स्तर अनुसार सबै तहमा समावेश गर्ने ।

९. मूल्याङ्कन विधिलाई यथार्थ, वस्तुपरक तुल्याउन मूल्याङ्कनका सूचाङ्कहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

१०. समाहित पाठ्यक्रमको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन कार्यलाई निरन्तरता दिन केन्द्रीय स्तरदेखि जिल्लास्तर सम्म दलित आधिकारिक निकाय (राष्ट्रिय दलित आयोग) को प्रतिनिधित्व रहने गरी अनुगमन मूल्याङ्कन समितिको व्यवस्था गर्ने ।

# सन्दर्भ सामग्रीहरु


१. प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, परिमार्जित २०६०, श्री ५ को सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक पाठ्यक्रम, पाठ्यपुस्तक विकास एकाई सानो ठिमी, भक्तपुर ।

२. Primary Level Curriculum, English (Grade 1-5) 2059, HMG, Ministry of Education & Sports, Curriculum Development Centre, Sanothimi, Bhaktapur.

३. Lower Secondary Level Curriculum, English, 2058, HMG, Ministry of Education & Sports, Curriculum Development Centre, Sanothimi, Bhaktapur.

४. निम्न माध्यमिक तहको पाठ्यक्रम, नेपाली, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

५. निम्न माध्यमिक तहको पाठ्यक्रम, गणित, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

६. निम्न माध्यमिक तहको पाठ्यक्रम, विज्ञान, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

७. निम्न माध्यमिक तहको पाठ्यक्रम, सामाजिक शिक्षा, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

८. निम्न माध्यमिक तहको पाठ्यक्रम, नागरिक तथा नैतिक शिक्षा, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

९. निम्न माध्यमिक तहको पाठ्यक्रम, स्वास्थ्य तथा शारीरिक शिक्षा, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

१०. निम्न माध्यमिक तहको पाठ्यक्रम, जनसंख्या र वातावरण शिक्षा, २०५८, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

११. माध्यमिक तहको पाठ्यक्रम, कक्षा ९ र १०, २०५५, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकाश केन्द्र, सानोठिमी भक्तपुर ।

१२. उच्च माध्यमिक विद्यालय पाठ्यक्रम, कक्षा ११, २०५६, उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।

१३. उच्च माध्यमिक विद्यालय पाठ्यक्रम, कक्षा १२, २०५६, उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।

१४. जातीय अनुसूची विवरण २०५९, परिमार्जित २०६०, श्री ५ को सरकार, राष्ट्रिय दलित आयोग, थापाथली, काठमाण्डौ ।

१५. दलित श्रष्टाहरुको जीवनी २०६१, श्री ५ को सरकार राष्ट्रिय दलित आयोग, थापाथली, काठमाण्डौ ।

अनुसूची - १

कक्षा :

**दलित परिप्रेक्षबाट पाठ्यक्रम पुनरावलोकन**

**अध्ययन विश्लेषण, फर्मेट**

विषय :

| **विषय** | **Input** | **O** |
| --- | --- | --- |
| उद्देश्य | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची - १

कक्षा :

**दलित परिप्रेक्षबाट पाठ्यक्रमको पुनरावलोकन अध्ययन विश्लेषण, फर्मेट**

विषय :

| | |
|---|---|
| १. Input : | |
| २. Output : | |
| ३. लक्षित समूह : | |
| ४. दिगोपन : | |
| ५. सम्भावित नकारात्मक प्रभाव : | |
| ६. उपचारात्मक उपाय : | |
| ७. आर्थिक प्रभाव : | |
| ८. सम्भावित जोखिम : | |
| ९. कार्य योजना : | |
| १०. प्रचार तथा वितरण : | |
| ११. मूल्याङ्कन : | |
| १२. सुझाव : | |

अनुसूची - २

## पाठ्यक्रम पुनरावलोकन अध्ययनको कार्यशाला गोष्ठीका सहभागीहरू
## मिति : २०६१/३/१३

| क्र.सं. | सहभागीहरुको नाम, थर | ठेगाना | विशेषज्ञता |
|---|---|---|---|
| १ | जितु गौतम | जोरपाटी | भू.पू. सदस्य, रा.द.आ |
| २ | त्रिभुवन चन्द्र वाग्ले | गोरखापत्र संस्थान | सहायक सम्पादन |
| ३ | प्रा.डा. श्रीरामप्रसाद उपाध्याय | त्रि.वि. | शिक्षा |
| ४ | राम बहादुर परियार | किर्तिपुर | शिक्षा |
| ५ | दुर्गा सोब | FEDO | समाजसेवा |
| ६ | भिउसीन दमै | विशालनगर | शिक्षा |
| ७ | उर्मिलादेवी विश्वकर्मा | बल्खु | शिक्षा |
| ८ | कमल विश्वकर्मा | नेपाल समाचार पत्र | पत्रकार |
| ९ | शम्भु हजरा पासवान | पुरानो बानेश्वर | भू.पू. सदस्य |
| १० | टेक ताम्राकार | प्रो-पब्लिक | अधिवक्ता |
| ११ | विनोद कुमार विश्वकर्मा | ताहाचल | विशेषज्ञ |
| १२ | उद्धव सिग्देल | त्रि.वि.वि. | जनसंख्या विद् |
| १३ | लक्ष्मी शरण घिमिरे | रा.द.आ | उपसचिव संयोजक |
| १४ | ढाल बहादुर पौडेल वि.क | बालाजु | समाज सेवी |
| १५ | विजुल कुमार विश्वकर्मा | दाङ्ग (हाल : बालाजु काठ.) | पूर्व सांसद |
| १६ | राम प्रसाद लम्साल | बर्दिया (हाल : काठमाण्डौ) | विज्ञान/गणित |
| १७ | अमृत परियार | समाज विकास छात्रावास | विद्यार्थी |
| १८ | बसन्त कुमार विश्वकर्मा | त्रि.वि | शिक्षक |
| १९ | बल बहादुर परियार | जोरपाटी | विद्यार्थी |
| २० | पद्मसिंह विश्वकर्मा | पुरानो वानेश्वर | भू.पू. अध्यक्ष, रा.द.आ |
| २१ | मञ्जु विश्वकर्मा | रा.द.आ | |
| २२ | रोहित कुमार खरेल | रा.द.आ | |
| २३ | दिपक सोनी | रा.द.आ | |
| २४ | दिपक सुनार | नवलपरासी | |
| २५ | चेतनाथ सिग्देल | टंगाल | |

# पाठ्यक्रम पुनरावलोकन अध्ययनको कार्यशाला गोष्ठीका सहभागीहरू
## मिति : २०६१/३/१४

| क्र.सं. | सहभागीहरुको नाम, थर | ठेगाना | विशेषज्ञता |
|---|---|---|---|
| १ | जितु गौतम | जोरपाटी | भू.पू. सदस्य, रा.द.आ |
| २ | त्रिभुवन चन्द्र वाग्ले | गोरखापत्र संस्थान | सहायक सम्पादन |
| ३ | प्रा.डा. श्रीरामप्रसाद उपाध्याय | त्रि.वि. | शिक्षा |
| ४ | राम बहादुर परियार | किर्तिपुर | शिक्षा |
| ५ | दुर्गा सोब | FEDO | समाजसेवा |
| ६ | भिउसीन दमै | विशालनगर | शिक्षा |
| ७ | उर्मिलादेवी विश्वकर्मा | बल्खु | शिक्षा |
| ८ | कमल विश्वकर्मा | नेपाल समाचार पत्र | पत्रकार |
| ९ | शम्भु हजरा पासवान | पुरानो बानेश्वर | भू.पू. सदस्य |
| १० | टेक ताम्राकार | प्रो-पब्लिक | अधिवक्ता |
| ११ | विनोद कुमार विश्वकर्मा | रा.द. महासंघ नेपाल | अध्यक्ष |
| १२ | उद्धव सिग्देल | त्रि.वि.वि. | जनसंख्या विद् |
| १३ | लक्ष्मी शरण घिमिरे | रा.द.आ | उपसचिव संयोजक |
| १४ | ढाल बहादुर पौडेल वि.क | बालाजु | समाज सेवी |
| १५ | विजुल कुमार विश्वकर्मा | दाङ्ग (हाल : बालाजु काठ.) | पूर्व सांसद |
| १६ | राम प्रसाद लम्साल | बर्दिया (हाल : काठमाण्डौ) | विज्ञान/गणित |
| १७ | अमृत परियार | समाज विकास छात्रावास | विद्यार्थी |
| १८ | बसन्त कुमार विश्वकर्मा | त्रि.वि | शिक्षक |
| १९ | बल बहादुर परियार | जोरपाटी | विद्यार्थी |
| २० | पद्मसिंह विश्वकर्मा | पुरानो वानेश्वर | भू.पू. अध्यक्ष, रा.द.आ |
| २१ | बासु विश्वकर्मा | रा.द.आ | |
| २२ | रोहित कुमार खरेल | रा.द.आ | |
| २३ | गोविन्द विश्वकर्मा | रा.द.आ | |
| २४ | ध्रुव टेलर | रा.द.आ | |
| २५ | चिजमाया विश्वकर्मा | रा.द.आ | |
| २६ | लाजिमा वन्त - भट्ट | ESAT | वरिष्ठ कार्यक्रम अधिकृत |